# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

बझाङ्ग जिल्ला सुदूरपश्चिम प्रदेशको सेती अञ्चलको उत्तरतिर अवस्थित हिमाली जिल्ला हो । यो जिल्ला लोकसाहित्यका दृष्टिले धनी एवम् समृद्धि रहेको छ । यस जिल्लामा मनाइने विभिन्न चाडपर्वहरूको मानव समाजलाई आनन्द र मनोरञ्जन प्रदान गर्दछ । यस जिल्लाको पूर्व पश्चिम भागमा रहेको थलारा गाउँपालिकामा प्राचीन कालदेखि नै प्रचलित रहेको भुओखेललाई त्यहाँ मुख्य चाँडका रूपमा लिइन्छ । यो पौष कृष्ण आमावास्यका दिन सुरुआत गरी द्वितीया तिथिमा तिहार बनाई भुओखेल खेल्ने कार्य गरिन्छ, र पौष मसान्तका दिन भखाडामा विधिवत समापन खेल खेलेर समाप्त गरिन्छ । यस भुओ खेलमा वाजा बजाउने व्यक्तिलाई बीचमा राखी वरिपरि गोल घेरा बनाइ खोलाडीहरू लामवद्ध भएर नै यो खेल खेलिन्छ । भुओखेलमा पहिरनको खासै महत्त्व रहँदैन, तर अहिले विभिन्न प्रकारका सामाजिक सञ्जालका कारण पहिरनलाई पनि महत्त्व दिइराखेका छन् ।

थलारामा खेल्ने भुओखेल हतियार घुमाएर(नचाई) बाजाको तालमा खेलिन्छ, जसलाई चाली भनिन्छ । यसमा एकजना गुरु हुन्छ अन्य सबै गुरुको इसारामा आफ्नो हाउभाउ प्रकट गर्दछन् । अर्को गायनसँग हतियार प्रदर्शन गरी दायाँ बायाँ हातमा तरवार र ढाल समाती गुरुले भनेको माडालाई सहयोग हुने गरी 'ए भन्सी रे भएसी' भन्दै घुडा निहुराई दायाँ बायाँ कम्मर भाच्दै वाजाको तालमा मिलाउदै अघि बढ्छन् । भुओगीत गाउँदा सुरु र अन्त्यमा भने छोटो गीत गाईन्छ । भुओ पहिला कहाँ थियो कहाँबाट आयो कहाँ पुगेर अन्त भयो भन्ने समेतको इतिहासमा प्रस्तुत गर्दै भुओको व्याख्या गीत गाएर एउटा खेलका रूपमा देखाइन्छ । पाण्डव र कौरवको महाभारत युद्ध तथा महाभारतको इतिहाससँग कथा जोडि सत्य इमान्दारीको पुष्टि गरिएको भुओमा पाइन्छ । त्यसैले थलरा क्षेत्रमा प्रचलित भुओगीतको प्रभावलाई समेत विश्लेषण गर्ने उद्देश्यले नै प्रस्तुत शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्याकथन

थलारा क्षेत्र लोकसाहित्यका दृष्टिले धनी क्षेत्र हो । तर यहाँ प्रचलित भुओगीतको जानकारी हुन अझै बाँकी रहेको छ । त्यसैले थलाराका भुओगीतको अध्ययन नामक शोधका लागि निम्नलिखित समस्याहरू रहेका छन् :

(क) थलारी लोकजीवनमा प्रचलित भुओगीतको अवस्था के कस्तो छ ?

(ख) गीति तत्त्वका आधारमा भुओगीत के कस्ता छन् ?

## १.३ शोधको उद्देश्य

यस शोधकार्यका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) थलारा क्षेत्रमा भूओगीतको अवस्थाको विश्लेषण गर्नु ।

(ख) थलाराका भुओगीतको गीति तत्त्वका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

थलारा क्षेत्रमा प्राचीन भुओगीत लोकसाहित्यको वीरगाथाअन्तर्गत पर्ने गीत हो । यस भुओगीतले ऐतिहासिक सांस्कृतिक र सामाजिक पक्षको महत्त्वलाई झल्काएको पाइन्छ । लोकगीतको सङ्कलन र अध्ययन विभिन्न क्षेत्रबाट भएको पाइन्छ । तर भुओगीत भनेर छुट्टै अध्ययन हालसम्म भएको पाइँदैन । सामान्य परिचयका रूपमा कतिपय अध्ययनकर्ताले बझाङ्ग जिल्लाको थलारा क्षेत्रको लोकगीतको लिखित प्रकाशन तथा प्रस्तुतिकरण गरेका छन् । धर्मराज थापा पूर्ण प्रकाश नेपाल "यात्री" जस्ता प्रतिभाले नेपाली लोकसाहित्यको लिखित प्रकाशन गरेका छन् तिनै विद्वानहरूका अध्ययनलाई नै यस शोधपत्रमा पूर्वकार्यको समीक्षाका रूपमा लिइएको छ ती निम्नानुसार छन् :

प्रदिप रिमाल (२०३५) ले **कर्णालीको लोकसंस्कृति** नामक पुस्तकमा भुओको सम्बन्धमा केही पाठसहित चर्चा गरेको पाइन्छ । यिनले कर्णाली क्षेत्रमा प्रचलित भुओगीतको चर्चा गर्नुका साथै भुओ खेलमा प्रयोग गरिने सामग्रीको उल्लेख गरेका छन् । यसमा प्रयोग गरेका केही गीतले थलारी जनजीवनको समेत उद्घाटन गरेको छ । जसले गर्दा प्रस्तुत शोधको विषय शीर्षकलाई पनि यसले महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) द्वारा लिखित **नेपाली लोक साहित्यको विवेचना** भन्ने पुस्तकमा भुओ एक प्रकारको दैत्य भूतपिचास र त्यसै

भूतले समातेको सम्झनामा गाइने गीत हो भनि चर्चा गरेको छ । यसमा प्रयोग भएको विषयवस्तु प्रस्तुत शोध विषयको केही निकट देखिने तर पूर्णरूपमा भने थलारा नै भनेर अध्ययन गरेको देखिदैन त्यसो भए तापनि यस शीर्षकलाई भने महत्त्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ ।

रामप्रकाश उपाध्याय (२०५७) ले 'बझाङ्गी डेउडा गीतको अध्ययन' भन्ने एम.ए. शोधपत्रमा भुओ गीतको बारेमा समेत केही अंश लेखेका छन् । यसमा छान्ना क्षेत्रको वारेमा बढी नै चर्चा गरेको भएपनि सामान्य रूपमा भने थलाराको पनि सामान्य प्रसङ्ग उठान गरिएको हुँदा प्रस्तुत शोधको विषय शीर्षकलाई समेत महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

चूडामणि बन्धु (२०५८) ले **नेपाली लोक साहित्य** भन्ने पुस्तकमा भुओसम्बन्धी विचार प्रस्तुत गरेका छन् । भुओ पर्व विशेषमा खेलिने खेल हो, यसमा पुरुषहरू खेल्ने र महिला, बालक, बुढाबूढी खेलको विचमा बसेर आनन्द लिन्छन् भनी सामान्य चर्चा मात्र गरेको छ । जुन कुरा थलाराका भुओ खेलमा समेत प्रयोग भएको छ, त्यसैले गर्दा यस अनुसन्धानमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ ।

उमाशंकर जोशी (२०५९) ले **भुओको सङ्क्षिप्त चिनारी** नामक कृति लेखेको पाइन्छ । तर क्षेत्रगत अध्ययनका आधारमा भने होइन तर आफूसँग भएको जानकारीका आधारमा मात्र लेख लेखेको देखिन्छ । त्यसो भएतापनि बझाङका विभिन्न भु-भागमा गाइने भुओ गीतको चर्चा गरेका हुनाले यस अध्ययनमा समेत भुओको सङ्क्षिप्त चिनारी नामक लेखले सकारात्मक सन्देश दिन खोजेको छ ।

गोविन्दप्रसाद पाण्डेय (२०६०ले **डेउडा विगत देखि वर्तमानसम्म** भन्ने पुस्तकमा भुओगीत नृत्य प्रधानगीतका रूपमा रहेको चर्चा गरेको पाइन्छ । भुओ खेलमा तरवार, रुमाल, गलबन्दी, ढाल र दमाह वाजाको प्रयोग गर्ने विषयको सामान्य चर्चा गरेका छन् । जसले शोधको विषयलाई महत्त्वपूर्ण सहयोग पुऱ्याएको छ ।

## १.५ शोधकार्यको औचित्य/महत्त्व

लोकसाहित्यका विभिन्न विधाहरूमा अहिलेसम्म भएका अध्ययन अनुसन्धान कार्यहरू पर्याप्त र पूर्ण भएका छैनन् । हरेक क्षेत्रमा कुना काप्चामा रहेका असल

लोकसंस्कृतिलाई झल्काउने खालका विधाको विश्लेषण र सङ्कलन हुन बाँकी नै रहेको छ। यिनै विधाको सेरोफेरोमा रहेर आंशिक रूपमा केही भए पनि लोकसाहित्य भण्डार थप गर्ने लक्ष्य प्रस्तुत शोधले लिएको छ। मौखिक तथा लोप हुन लागेका भुओगीतहरूलाई लिपिवद्ध गरेर राष्ट्रिय स्तरमा चिनाउने दृष्टिकोणबाट यसमा राखिएको छ।

## १.६ शोधकार्यको सीमाङ्कन

यो शोधकार्य मूलतः बझाङ्ग जिल्लाअन्तर्गत हालको थलारा गाउँपालिका र पुराना कोइरालाकोट, कोटभैरव, पाराकाट्ने, दंगाजी र मालुमेला गा.वि.स. तथा त्यसको आसपासका क्षेत्रमा खेलिने भुओगीतको अध्ययनमा मात्र केन्द्रित रहेको छ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

यस अध्ययनमा भुओगीतका बारेमा मौखिक परम्परालाई अगाली थलारा क्षेत्रमा पुगेर सङ्कलन गरेको सामग्रीलाई प्राथमिकताका रूपा लिई क्षेत्रीय अध्ययन पद्धतिका आधारमा आधारित रहेको छ। यसका अतिरिक्त पुस्तकालय विधिको प्रयोग पनि गरिएको छ।

### १.७.२ सामग्री विश्लेषण विधि

संकलित सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक र प्रयोगिक ढाँचा लोक साहित्यसँग सम्बन्धित भएकोले लोकसाहित्य अध्ययनको सैद्धातिक पक्षलाई नै आधार बनाएर वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## १.८ शोधकार्यको रूपरेखा

**परिच्छेद एक** : शोधपरिचय

**परिच्छेद दुई** : थलारी भुओगीतको परम्परा र सैद्धान्तिक आधार

**परिच्छेद तीन** : थलारीका भुओ गीतको अध्ययन र विश्लेषण

**परिच्छेद चार** : सारांश तथा निष्कर्ष

**परिशिष्ट**

**सन्दर्भग्रन्थ सूची**

# दोस्रो परिच्छेद

# थलारी भुओगीतको परम्परा र सैद्धान्तिक आधार

## २.१ विषयपरिचय

बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरबाट पश्चिममा अवस्थित थलारा क्षेत्र मालुमेला, कोइरालाकोट, कोटभैरव, पाराकाट्ने र दंगाजी गरी जिल्लाको पुरानो संरचनाअनुसार पाँच गा.वि.स. मिलेर बनेको छ, जसलाई हाल संघीय गणतन्त्रमा थलारा गाँउपालिका नामाकरण गरिएको छ । यस क्षेत्रमा जिल्लाको कूल जनसङ्ख्याको ३५५३५ जनसङ्ख्या रहेको छ, जसमा पुरुष १७४०५ रहेको छ भने महिला १८१३० रहेका छन् (जि.वि.स. बझाङ्ग, २०७२) । शैक्षिक दृष्टिकोणले पनि यो क्षेत्र जिल्लाकै प्रमुख मानिन्छ । थलारा शब्द कुमाउनी भाषाबाट आएको आगन्तुक नेपाली शब्द हो । कुमाउनीमा 'थलारा' भन्ने शब्दले 'महिलाहरूको जमात' भन्ने बुझाउँछ । यस क्षेत्रमा पनि विशेषगरी गौरा पर्व मनाउने बेला महिलाहरू खेल खेल्नका लागि एउटा निश्चित ठाउँमा जम्मा हुने गर्दथे, पछि यसरी महिलाहरूले जम्मा भएर खेल खेल्ने ठाउँ भएकाले यस ठाउँको नाम थलारा रहन गएको भन्ने मानिन्छ । तर यसको नाम थलारा रहनुमा पनि ठूलो ऐतिहासिक पृष्ठभूमि अर्को रहेको छ । आजभन्दा करिव पाँचसय वर्ष पूर्व मुनु नाम गरेका व्यक्तिका दुईवटी स्वास्नी– कालिका र मालिका रहेछन् । तिनले क्षेत्रको जङ्गल र पहाड रहेको भिरालो जमिन सम्याएर खेती गर्दा त्यस जमिनको नाम काइका र माइका राखे जो बीसौं सय रोपनी खेतका रूपमा देखियो । त्यसलाई पछि विस्खेत भनी नामकरण गरियो । त्यसबेला जामकोटका राजा भोटु खड्का र भुनु आदिले अग्लो भिरालो पहाड र वनलाई समतल मैदान थाल जस्तै खेती योग्य बनाए पछि त्यसको नाम थलारा राखिएको किम्बदन्ती रहिआएको छ ।

थलारी लोकसंस्कृतिको अध्ययनमा भुओ खेल्ने प्रचलन महाभारत युद्धको झलकका रूपमा लिइन्छ । कौरव पक्षले जुवाको खेलमा छलकपटद्वारा पाण्डवहरूलाई १२ वर्ष वनवास र १ वर्ष गुप्तबास बिताउन बाध्य गराए । सो बाध्यत्मक शर्त पूरा गरेपछि पाण्डवहरूले आफ्नो राज्य फिर्ता पाउन अनेक प्रयास गरे तर केही लागेन । अन्तमा स्वयम् श्रीकृष्ण हस्तिनापुर गएर दुर्योधनलाई

सम्झाउने प्रयास गरेर पाण्डवहरूलाई उनको राज्य फिर्ता गर्ने सल्लाह दिए तब दुर्योधनले स्पष्ट शब्दमा भने “हे केशव म जीवित छउन्जेल पाण्डवलाई सियोको टुप्पोले ढाक्ने जति जमिन पनि दिन सक्दैन ।” यसबाट युद्ध अवश्य हुने भएपछि कौरव र पाण्डव  दुवै आपसमा युद्ध गर्ने उद्देश्यले धर्मक्षेत्र, कुरुक्षेत्रमा जम्मा भए । कुरुक्षेत्रलाई समन्तपञ्चक पनि भनिन्छ । यहाँ अग्नि, वायु, ईन्द, बह्ममाआदि देवता र कुरुले पनि तपस्या गरेका थिए । यहाँ प्राण त्याग गर्नेहरूले उत्तम गति प्राप्त गर्दछन् भन्ने कुरा धार्मिक ग्रन्थमा वा शास्त्रमा भनिएको छ । त्यहाँ अठार दिनसम्म चलेको कौरब पाण्डवको महायुद्धमा भीष्मपितामह दश दिनसम्म लडेर अर्जुनको बाणद्वारा शिरशैयामा सुते तर त्यसबेला दक्षिणायन भएकोले इच्छामरण भएको भीष्मले प्राण त्याग गरेनन् । त्यसपछि ५ दिनसम्म दोर्णाचार्य सेनापति भएर लडे । पछि कर्ण र शल्य कौरवतर्फका सेनापति भएका थिए । द्रोणाचार्यको सेनापतित्त्वमा पहिले पहिले भीष्मपितामहको पालामा बनाइएका नियमहरूको उल्लङ्घन गर्दै राती समेत लडाइँ भएको थियो । त्यसैले औँसीको राती भुओ जगाउँदा आगो बाल्ने र हातमा आगोको राँको बालेर लिने चलन चलेको हुनसक्छ । यो लडाइँ मंसिरको पूर्णिमामा सुरु भएको मानिन्छ । स्थानीयस्तरमा यसलाई भैल्या पुनिको रूपमा मनाइन्छ (ध्रुवराज उपाध्यायबाट प्राप्त जानकारी) । भुओमा  माडा हाल्ने शब्दबाट पनि यो भुओ भारतको कुरुक्षेत्रको आसपास हुदैं पहाडतिर सर्दै गएको भन्ने कुरा सुनिन्छ । तर अर्कोथरी माडा हाल्ने क्रमबाट यो भुओ मडिमन्ता लेकमा उत्पन्न भई हुम्लाको छिनासिम हुदैं बझाङ्गमा आएको  भन्ने किम्वदन्ति रहेको छ । अधर्म माथि धर्मको विजय स्वरूप पाण्डवको विजयपछिको विजय उत्सवको सम्झनामा अहिलेसम्म यो पर्व मनाइदैं आइएको छ । महाभारतको लडाइँ मार्ग पूर्णिमाको दिनदेखि सुरु भएर औँसीमा समाप्त भइसकेको भन्ने भनाइ छ ।  तसर्थ मंसिरको पूर्णिमालाई स्थानीय भाषामा भईल्या पुनि पनि भनिन्छ । भुओगीतले अँगालेको विषयवस्तुलाई मध्यनजर गर्ने हो भने विजयोत्सव (पाण्डपले बनाएको) आपसि सर सल्लाह, उपयुक्त समय, भुओगीतको उठान के कसरी कहाँ कहाँ पुगेको बयान र गाउँमा रहेका दुःखीलाई सुखका गीत गाई हसाउने तथा हसाउनेलाई पनि रुवाउने गर्दछ अझ समाजका बुढापाका व्यक्ति आदिलाई समाजमा एकताको भावनाका लागि अगुवा मान्नु जस्ता कारणको विकास गराउनु भुओगीतका प्रमुख आधारहरू हुन् (ध्रुवराज उपाध्यायबाट प्राप्त जानकारी) ।

भुओ महाभारतको युद्धको झलकका रूपमा लिइएको नृत्य गीत हो । वीररसमा आधारित लोकगीत र लोकगाथालाई बढी रुचाइएको पाइन्छ । त्यसैले वीरहरूकै शौर्य र पराक्रमको वर्णन गरी कथिएका र ऐतिहासिक घटनाको रूपमा भुओगीतलाई लिइन्छ । भुओ तिथिका आधारमा मनाइने र भुओगीत पर्वको रूपमा गाइने गीत हो । भुओगीतलाई अध्यताहरूले आ-आफ्नै शैलीमा अध्ययन र विश्लेषण गरेका छन् । भुओको उत्पत्ति, खेल्ने शैली, विसर्जनलाई अध्ययनको मुख्य विषय बनाइएको छ ।

भुओगीतको परिभाषालाई हेर्दा हालसम्ममा अध्येताहरूबाट यसको स्पष्ट रूपमा परिभाषा बनेको पाइँदैन । अध्येताहरूले भुओको आ-आफ्नो शैलीले अर्थ्याएका छन् । कैले यसलाई भूत भनेका छन् भने कसैले पौराणिक गाथाका रूपमा लिएका छन् । अति प्रद्धिप्त अग्नि ज्वालालाई डोटेली भाषिकामा भो भनिन्छ र त्यही भो सहित गाइने गीत र अभिनयको संयुक्त रूप भुओगीत हो ।प्राचीन कालका लोकनाट्यमा प्रयोग हुने गीतको नाम भनी उल्लेख गरिएको पाइन्छ । काली-कर्णाली खण्डमा तिथिका आधारमा मनाइने भुओ आवसरिक उत्सव, गीत, चाँड खेल वा पर्व मनाइन्छ । भुओ खेल्दा पौषे औंसीका दिन मिर्मिरे बिहानीमा प्रत्येक घरका लोग्ने मानिसहरू हात हातनमा राँको, दियालो लिएर भुओ जगाउँछन् र द्वितीयाको दिनदेखि लगातार पाँच दिनसम्म मान्यजनका घरघरमा गएर भुओ खेल्दछन् । भुओ खेल्दै प्रत्येक खेलाडीहरू बाजाकै तालमा ताल मिलाएर, तरवार, खुकुरी इत्यादि लिलएर साहसिलो पनको परिचय दिँदै वीरत्व प्रदर्शनको अभिनय गर्दै उत्साह र उमङ्गका साथ कदम-कदमा मिलाएर नाच्छन् । अतः थलारी भुओखेल ऐतिहासिक, सामाजिक र सांस्कृतिक पक्षलाई आत्मसात गरी विभिन्न शैलीका आधारमा खेलिन्छ, भन्ने कुराको पुष्टि हुन्छ ।

## २.२ भुओगीतको उत्पत्ति

भुओ पौराणिक गाथाका रूपमा मानिएको छ । अघि द्वापरयुगमा कौरव पक्ष र पाण्डव पक्ष बीचको युद्धलाई लिएर निर्मित गाथालाई भुओगीत अथवा भुओ गाथा भनिन्छ । यस गाथालाई सुदूरपश्चिम र मध्यपश्चिमका जिल्लाहरूमा पौष कृष्णपक्षको औसीका दिनदेखि खेल्ने गरिन्छ । यसरी हरेक वर्षको पौष महिनाको आमावास्याका दिनमा मुढाहरू बालेर आगोको ज्योतिबाट उत्पन्न भएको धुवालाई नै

भुओ भनिने हुँदा यसको नाम भुओ रहेको हो भन्ने अभिमत जयराज पन्तले दिएका छन् । भुओगीतको मूलपाठलाई अध्ययन गर्ने हो भने भुओको उत्पत्ति पहिले ब्रह्मलोकमा भएको हो । यसको विस्तार इन्द्रका वारा हुदै भारतको हस्तिनापुर पुगेर भुओ भारत वर्षको विभिन्न स्थान हुँदै विशेष गरी भारतको बरेली, नैनीताल, लुहाघाट र टनकपुरबाट नेपाल प्रवेश गरी जोगवुढा तेलेको लेख गौरिडोटी, डडेल्धुरा, ढुङ्गाड भएर थलाराका राजा रजौटाका राज्यसम्म पुगेको कहाँनी यहाँ राखेको छ । उक्त कहानीबाट के भन्न सकिन्छ भने भुओ खेल आदिमकालबाट नै प्रारम्भ भएको हो भन्न सकिन्छ । यो परम्परा कायम गर्न थलारामा पनि पौष आमाबास्थाका दिन भुवाखाडामा धुनि जगाई पौष शुल्कपूर्णीमाका दिन द्बितीया तिथिमा तिहार मनाई विभिन्न खाले खानाका परिकार खाई एक अर्कोमा मिठाई बाढी पाण्डवको पूजाआजा गरेर भुओखेल खेल्न सुरुआत गरिन्छ । भुओ पहिला भुआखाडामा खेलिन्छ । त्यसपछि क्रमशः गाउँका मान्यजन जसतो मुखिया, नाइके, भलारीको कुनै सरकारी जागीरवाला व्यक्तिका घरमा गरी अन्य स्थानमा भुओ खेल्ने गरिन्छ । भुओ कुमस्थानमा खेल्ने भन्ने बारे केही त्यस्तो नियम छैन । भुओखेली रमाइलो गरी खेली प्रँप्त भएको रुपियाँ पैसालाई भुओ सम्मानितका दिन पाण्डपूजा तथा हातहतियारको पूजाआजा गरी खसि बोकाको बलि सहित भुओको समाप्त गरिन्छ । भुओ समाप्तका दिन सम्पूर्ण भेलामै भरिखेल, धारुवल्यो जस्ता खेल खेली खसि बोकाको मासु प्रसादका रूपमा वाढी घर घर जाने चलन रहेको पाइन्छ ।

## २.३ भुओगीतका विशेषता

परम्परादेखि मनाइदै आएको भुओ बझाङ्गी संस्कृतिभित्रको महत्त्वपूर्ण सामाजिक सम्पत्ति हो । भुओ बझाङमा मात्र नभई सुदूरपश्चिम र मध्यपश्चिमका जिल्लाहरूमा पनि मनाइदै आएको पाइन्छ । यसलाई सबै ठाउँको मानिसले एकै किसिमले हेर्ने र मान्ने गरेको देखिदैन । कसैले डरलाग्दो भूतको रूपमा मनाइराखेका छन् भने कसैले पुरुषवर्गको रत्यौली तथा अश्लील लोक साहित्यको नमुना मानेका छन् । भूत प्रेतादि भगाउनका लागि गाइनु र खेल्नु नै थलारी भुओ गीतका विशेषता ठहरिन्छन् भने श्रुतिमाधुर्य, लालित्यपूर्ण भाषा, शाब्दिक मीठास पनि हुनु यसको अर्को प्रमुख विशेषता हो ।  तापनि मुख्य रूपमा मौलिक सांस्कृति परम्परा जीवित हुनु नै भुओगीतको विशेषता हो ।

### २.३.१ भुओमा मौलिकता

भुओगीतहरू समाजमा हस्तान्तरित हुँदै आएका छन् तर कुनै पनि व्यक्तिले भुओगीत गाउँदा त्यसलाई आफ्नै ठानेर मौलिकता समेत थपेर अभिव्यक्त गर्दछन् । लोक साहित्य र यसका विधा उपविधाहरूको मुख्य विशेषता तथा पहिचान भन्नु नै उल्लिखित अभिव्यक्तिमा व्यक्त मौलिकता हो । थलारी भुओगीतमा यस्ता मौलिकता रहेका छन् । अन्य क्षेत्र (जस्तै भेरी, कर्णाली) का भुओगीत र यहाँको भुओगीतमा फरक पाइनु यही मौलिकताको कारणले गर्दा हो । बझाङकै पनि विभिन्न क्षेत्रहरूमा समेत आ-आफ्नै किसिमका मौलिकता देखिन्छ । विभिन्न स्वर लहरीमा गाउनु, वाद्य, नृत्य-गायनको साहचर्य देखिनु, खेलमा राम्रो जान्ने अर्थात् सिपालु व्यक्तिलाई अघि लगाएर अरू कम जान्ने वा सिकारुलाई पछि लगाई सिपालुले गाएको, नाँचेको जस्तै गरी गाउने नाच्ने अभ्यास गर्दै र गराउन लगाउँदै कला तथा सीपलाई पिँढीगत रूपले हस्तान्तरण गर्नु जस्ता  कारण नै थलारी भुओगीतका मौलिकता हुन् ।

## २.४ भुओका गीतितत्त्व

भुओगीतको आफ्नै पृष्ठभूमि र परिचय हुन्छ । यसको आन्तरिक बनावटमा भेटिने फरकपनले गर्दा यो अन्य विधाभन्दा पृथक सावित हुन्छ । यसरी भुओगीतलाई अन्य विधाका तुलनामा पृथक वनाउँने केही तत्त्वहरू देखा पर्दछन् । जसलाई निम्नानुसार दिइएको छ ।

भुओगीतको विषयवस्तुलाई केलाउने हो भने पौराणिक, ऐतिहासिक र सामाजिक गरी तीन किसिमका विषयवस्तु भेटिन्छन् । गीतले अँगालेका विषयवस्तनुमा भुओलाई विजयोत्सवका रूपमा देवता तथा स्वयम् पाण्डवहरूले नै मनाएको कुरा उल्लेख छ । पौराणिक कालमा महाभारतको युद्ध हुनु, त्यो युद्ध नै पाण्डव र कौरवहरूको उत्पत्तिकथालाई समेत गीतले आङ्नो वर्णनीय विषय बनाउनु, युद्ध विजेता पाण्डवहरूले आपसी सरसल्लाह गरी भुओ मनाउने उपयुक्त समय छानिनु, त्यस समयमा भुओलाई पर्वको रूपमा के कसरी मनाइने हो सो कुराको सरसल्लाहक गर्नु र भुओखेल कहाँ खल्ने भन्ने विषय देखाउनु, साना ठूला सबै एक साथ खेल खेल्ने वातावरणको श्रृजना गर्नु, संगठत हुने वातावरण तयार गर्नु आदि यस गीतका विषयवस्तु मानिन्छन् ।

यसैगरी भुओगीत भित्र कौरवहरूको छलकपडद्वारा पाण्डवहरूमाथि गरेको अन्याय तथा अत्याचार पाण्डवले बुझ्केर पनि सहेको देखाउनु, सत्ता तथा राजनीतिको अच्याचार सही पाण्डव पक्षले आङ्बनो कुशल ढङ्गको प्रयोग देखाउनु, वीरहरूको धर्म-युद्ध र कौशल देखाउनु, सानाले ठुलाको आदर सत्कार गर्नु, तथा सानाले ठूलालाई माया गर्नु पर्छ भन्ने आदर्श देखाउनु संगठित हुन एक आपसमा मेल नभएका क्षति हुने कुराको विचार व्यक्त गर्नु जस्ता कुराहरू पनि भुओगीतका विषयवस्तु मानिन्छन् । भुओगीतका विषयवस्तुलाई निम्नानुरसार प्रस्तुत गरिएको छ ।

### २.४.१ कथावस्तु

द्वापरयुगमा भारतको हस्तिनापुर नगरलाई पाण्डव र धृतराष्ट्रको जन्म थलो मानिएको पाइन्छ । पाण्डव धृष्तराष्ट्र दुइ भाइ हुन् । पाण्डवकी दुई वटा रानी थिए । जेठीको नाम कुन्ता र कान्छीको नाम मान्द्री थियो । पाण्डव रोगी थिए र उनीबाट बच्चा नहुने स्थिति भएको हुँदा कुन्ताले स्वर्गका राज धर्मराजलाई बोलाइन् र उनीबाट युधिष्ठिरको जन्म भयो । उनैको नाम धर्मराज भनियो । त्यसपछि वायुलाई बोलाइन र वायुका अंशबाट गदाधारी भीमसेनको जन्म भयो । त्यसैगरी इन्दजी बोलाइन उनीबाट धनुधारी अर्जुनको जन्म भयो । कान्छी मान्द्रीले पनि अश्विनि कुमारलाई बोलाइन र उनीबाट नकुल र सहदेवको जन्म भयो ।

धृतराष्ट्र अन्धा थिए । उनकी रानीको नाम मैता (गान्धरी) थियो । यिनीबाट बच्चा नजन्मेको हुँदा छोराछोरी केही थिएनन् । यिनको पेटमा रगतको डल्लो र त्या डल्लोमा दानवको चोला थियो । पछि त्यो रगत बाहिर आइ फुट्यो र सय कौरवको जन्म भयो । त्यसपछि कौरव र पाण्डवको राज्यका लागि झगडा हुन गयो र कौरवले कपटीपासा खेल्ने आयोजनामा बाजी थाप्यो । त्यो बाजीमा पाण्डवले राज्य हार्नु पऱ्यो र कौरवले राज्य संचालन गर्नु पऱ्यो । त्यसपछि पाण्डवले बाह्र वष वनबाँस र एकवर्ष गुप्तबास गर्नु पऱ्यो । पाण्डवले आङ्बनो बोलकबुल पुरा गरी फर्केपछि कौरवले राज्य छोड्न मानेनन् र लडाई गर्नु पऱ्यो । हातहातमा ढाल तरवार समाती लडाई सुरु भयो । पाण्डवको जित भयो र कौरवको नास भयो ।

यस उपलक्ष्यमा जेठा युधिष्ठिरले आङ्बना चारै भाइलाई बोलाए र युद्धमा हाम्रैं जित भयो त्यसैको सम्झनामा युद्ध खेल खेली, पर्वमनाउँ र मनुस्यलाई पनि

सिकाउँ भनी नरलोकमा आई भुओ खेल्ने परम्परा बनाएको कुरा उल्लेख गरिएको पाइन्छ । पछि त्यही भुओ विभिन्न रूप धारण गरी ठाउँ ठाउँ वस्तै परम्परा बसाल्दै नेपालको सुदूरपश्चिम र मध्येपश्चिमका जिल्लाहरूमा खेल्ने परम्परा रहेको पाइन्छ । त्यही परम्परालाई भुओ खेल्ने ठाउँमा बालाबुढा तन्नेरीहरू मिलो ढालतरवार समाती बाजागाजाका साथ खेल्ने गरेको पाइन्छ । यही नै भुओगीतको कथा वस्तु हो ।

### २.४.२ पात्र

कथाको स्थापना कलामा पात्रहरूले यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् जसबाट कथाको संचरना तयार हुन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकोले यो अङ्विना कथाको संरचनाको कल्पना नै गर्न सकिदैन । जुनसुकै कथामा कथाकारले मानव र मानवेतर प्राणीका रूपमा पात्रलाई उभ्याई कथाको संरचना निर्माण गरिएको हुन्छ । यस्तै भुओगीतमा मानव पात्रको रूपमा मुख्य गरेर माडा भन्ने गुरु नै मुख्य पात्र मानिन्छन् । गुरुको नीतिनिर्देशनअनुसार ढोली (बाजा बजाउने) ले बाजा बजाइरहेको हुन्छ । चाली खेलमा जब गुरुले निर्देशन दिन्छन् तब त्यहीअनुसारको बाजा बजाउँछ । त्यसैले यो सहायक पात्रका रूपमा आएको छ । त्यसैगरी अरू भस्सी रे भस्सी भन्ने मान्छे पनि गुरुको निर्देशनअनुसार चलेका हुन्छन् । यसरी भुओगीतमा गुरु, बाजा बजाउने र युवा तन्नेरीहरू त्यसैगरी दर्शकका रूपमा महिलालाई यसका पात्र मानिन्छन् ।

### २.४.३ परिवेश

पात्र वा चरित्रले कार्य व्यापार गर्ने स्थान, समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तु जगतलाई परिवेश भनिन्छ । महाभारत कालिन, युद्ध जनय परिवेशको चित्रण यस गाथामा पाइन्छ । भुओगाथा मित्रको वर्णित परिवेश नै आन्तरिक परिवेश भन्न सकिन्छ । भुओगीत गाइदा वर्णित हुने महाभारतका पात्रहरू तिनीहरूको क्रियाकलाप र स्थानको चित्रण यसभित्र रहेको हुन्छ । भुओ गाथा पौराणिक कालबाटै सुरु भएको हो । विजयोत्सवको खुसीयालीमा मनाइदै आएको भुओगीत हरेक वर्षको पौष कृष्ण पक्षको औंसीको दिनदेखि ५/७ दिनसम्म खेल्ने गरिन्छ । यो खेल सबैको पायक पर्ने, धेरै मानिस अटाउन सक्ने र दर्शकहहरूले पनि सजिलैसँग देख्न सकिने ठाउँमा खेलिन्छ । यो खेल्ने ठाउँलाई भुआखाडो भनिन्छ ।

भुवाखाडो गाउँको नाइकेको घर नजिकैको गरी वा सार्वजनिक ठाउँलाई मानिएको हुन्छ । खेलाडीहरूले आ-आफ्नो हातमा ढाल तरवार समाती बिहान १०/११ बजेदेखि साँझ ८/९ बजेसम्म भुओखेल खेल्ने गर्दछन् । भुओ गाउँ गाउँमा माग्न गएको बेला जुन गाउँमा भुओ सुनाइन्छ । त्यहाँभुओ खेल्ने ठाउँ, घरको आँगन बारी सरसफाई गरी भस्सेराहरूलाई भुओखेल्न रोकतोक (मनाही) गरिदैन, आफू खुसी गरी आँगनमा खेल्ने गरिन्छ । भुओगीत पुरुष नृत्य भएकोले महिलाहरू दर्शकका रूपमा उपस्थित हुन्छन् । यसको साथै गाउँघरमा सबै मानिसहरूको समान सहभागी भई मनोरञ्जनात्मक र आर्थिक आय आर्जन गर्न समेत भुओ खेल खेलिन्छ । भुओगीतमा बाजाको धुन र नृत्यलाई पनि बाह्य परिवेश मान्न सकिन्छ ।

### २.४.४ द्वन्द्व

दुई वा दुईभन्दा बढी विपरित चिन्तन बीचको संघर्षलाई द्वन्द्व भनिन्छ । परम्परा विरोधी दुई व्यक्ति वा परिस्थितिका बीचमा अन्तरसंघर्ष नै मुख्य द्वन्द्वको रूपमा लिइन्छ । सामान्यतया दुई विरोधी शक्तिहरू बीचको टकराबाट भुओको सृजना भएको छ । कौरव र पाण्डव पक्षहरमा जितहारको द्वन्द्व नै भुओको द्वन्द्व मानिन्छ । पाण्डवले राज्य प्राप्तिका निम्ति गरेको बाह्र वर्ष बनबासलाई र कौरवले हारेको राज्य हानथापबाट चलेको अन्तरसंघर्ष मुख्य द्वन्द्वका रूपमा देखिए भने नृत्य स्थलमा ढाल र तरवारको साधनबाट भुओ खेल हान्ने र छेक्ने कार्यद्वारा द्वन्द्वको प्रत्यक्ष अभिनय गरेको पाइन्छ । युद्ध हुँदा एकको प्रहार र एकको छकाईलाई भुओखेलको चालीम विषेष रूपमा लिइन्छ । चालि खेल्दा प्रहार तथा बचाउ गर्ने जस्ता द्वन्द्वात्मक पक्षको विषेश ठाउँ रहेको पाइन्छ । जसले गर्दा भुओखेलमा द्वन्द्वविधान सशक्त छ भन्ने स्पष्ट हुन्छ ।

### २.४.५ उद्देश्य

पौराणिक, ऐतिहासिक तथा धार्मिक परम्परालाई जोगाउनु, संस्कृतिको पहिचान गराउनु र लोक मनोरञ्जन गर्ने उद्देश्यको लागि निर्माण भएको भुओ खेल हाल आएर मान्छेहरू संगठित गरी संगठन तयार गर्न कुनै साामजिक काम गर्नका लागि समाज तयार गर्नु जस्ता कार्य गर्नु र आर्थिक आय आर्जन गरेर कुनै भौतिक संरचनाहरू निर्माण गर्नु भुओगीतको उद्देश्य हो । भुओगीत पौष महिनामा दिनहरू

पनि छोटो र मानिसलाई काम गर्नु केही नपर्ने हुँदा दिनहरू बिताउन गाह्रो भइरहेको हुन्छ । ठाउँ घरमा सामाजिक संरचनाको निर्माण गर्नु पर्ने हुँदा युवा तन्नेरी जानने सुन्नेहरूले पैसा बटुल्ने माध्यमका रूपमा भुओ खेल्ने भन्ने निर्णय गरी चन्दा सङ्कलन गर्ने गरिन्छ । गाउँघरमा साना तिना झै झगडाबाट टाढिएको दाजुभाइलाई पनि मेलमिलाप गरी सँगै हिड्ने, खाने, बस्ने, आदि क्रियाकलापलाई पनि नजिकता ल्याउने एकता बनाउने संगठित बन्ने काम पनि भुओगीतले गर्दछ । यही नै भुओगीतको उद्देश्य मानिन्छ ।

## २.४.६ भाषा

भुओगीतमा नेपाली भाषा परिवारको ओरपश्चिममा भाषाको बझाङी उपभाषिकाको प्रयोग पाइन्छ । खासगरी सबै गीतहरूमा नेपाली भाषाको प्राचीन रूप भेटिन्छ । लोक साहितय अशिक्षित ग्रामीण जनजीवनको मौखिक परम्परामा हुर्केको साहित्य हो । यसका हरेक विधामा ग्रामीणपन देखिनु स्वभाविकै पनि हो । यी स्वाभाविकता भुओगीत भित्र पनि पाइन्छ । लोक साहित्यले लोक स्तरीय अभिव्यक्तिको माग गर्दछ । प्राचीन समाजमा मानिसहरूको मनमा उब्जिएका भावनाको प्रस्तुतिको माध्यम बनेका भुओगीत भित्रका भाषिक पद पदावली सरल छन्, सरल भैकन मार्मिक छन् र सहज भैकन पनित केही जटिल जस्ता पनि छन् । प्रस्तुत अध्यायमा थलारीका भुओगीतमा प्रयोग गरिएको भाषिक अवस्था भुओ खेलमा सांस्कृतिक प्रभावले पारेको अवसर भुओगतको इतिहासिक अवस्थाको विशेषलेषण गर्दै भुओ गीतका विभिन्न प्रकार त्यसको लयात्मक सहभागिता र सामुहितालाई समेत यस अध्यायमा प्रस्तुत गरेको छ साथै विषयवस्तु भुओ खेलको प्रदर्शन यसमा प्रयोग हुने पात्र त्यसमा देखिने वद्ध भाषा शैली र संगीतको विशिष्ट रूपमा चर्चा गरिएको छ । विभिन्न विश्लेषणका आधारलाई आत्मसाथ गर्दा भुओगी थलारीका भुओगीत सामाजिक, भाभषिक र संगठित हिसाबले विशिष्ट प्रकार रहेका छन् भन्ने पुष्टि यसमा गरिएको छ । यसरी भुओगीतमा थलारी भाषाको अति नै प्रयोग रहेको पाइन्छ ।

## २.४.७ शैली

लोकगीतको अभिव्यक्ति गर्ने ढङ्गलाईशैली भनिन्छ, भाषिक एकाइको सौर्न्य बिच समुच्च र भाषा एवं विषभयका दृष्टिबाट विचलन युक्त रचनाकारको विशिष्ट संरचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । भुओ दायाँ हातमा तरवार र बायाँ

हातमा ढाल समातेर खुट्टाको चाल र बाजाको ताल मिलाएर खेलिन्छ । भाडा भन्ने व्यक्ति सेतो दौरा सुरुवाल, कोट, टोपी र कपालमा सेतो पगरी गुथी चिटिक्क परेका हुन्छन् भने अरू केटा युवाहरू सबैले नयाँ नयाँ आफू सुसीको पोशाक लगाएर भुओ खेल्ने गर्दछन् । यस ठाउँमा पोशाकको त्यति बाध्यता गरिदैन हुनेहरूले ढाल तरवार लिएर भुओ खेल्दछन् भने कसैले भएर पनि लिदैनन् । भुओ खेल्दा बाजाको र गुरुको निर्देशनअनुसार बाहिर भित्र फर्की दायाँ र बायाँ हातहरूलेढाल तरवारहरूको फुर्तिसयाथ रमाइलो गर्दै छाती फर्काई दायाँ हात तिर शरीर तेस्याई घुँडाहरू निहुँराई अति रमाइलो साथ खेल्नु नै भुओको शैली मानिन्छ । खासगरी वीरहरूद्वारा प्रदर्शन गरिने युद्धशैली नै यष्सको मूल शैली हो ।

### २.४.८ संगीत

नेपाली शब्दकोशका अनुसार गीत गाउँदाके लय, बाजा बजाउँदाको ताल र सुर, गायन र वाद्यवादन गानबजान नै संगीत हो । भुओगीत वाद्यवादनको लागि दमाई (टोली) प्रमुख मानिन्छन् । उनीहरूको ५/६ जनाको टोली रहेको हुन्छ । उनीहरूले दमाहा, टाम्को, झ्याली, सनाही र नसिङ्गो नै वाद्यवादको साधन मानेका छन् । दमाहा ठूले खाले बाजा हो । जसलाई बजाउँदा बाघको जस्तो हुङ्कार दिन्छ यो बाजाहरूको मुख्य बाजा मानिन्छ । ट्याम्को (टाम्को) दमाहा भन्दा सानो आकारको हुन्छ । यस बाजाले दमाहाको सवरलाई सहयोग गर्दछ । झ्याली नसिङ्गो, सनाइलाई सुरबाजाका रूपमा लिइन्छन् । बाजाको सहयोगबाट नाच्ने भस्याराहरूलाई नचाउने ताल र धुन निकाल्ने आदिमा सहयोग गर्दछ । ट्याम्कोले ट्याङ ट्याङ, झ्याम झ्यामको धुनमा वाद्यवादन प्रयोग गरेको हुन्छ । गायन तर्फ एकजना मुख्य मुखार (कन्ठ) भएको व्यक्तिले सबैले सुन्ने गरी गीत (माडा) उच्चारण गरी दिन्छ र अरू भस्सेराहरूले गुरु यसरी नै भुओगीतसँग सम्बन्धित सगुन, भारिखेल, डेउडालाई पनि गाउँले र खेल्ने गरिन्छ । ले भनेका भाडालाई एउटै स्वर र आवाजमा अगाडि भन्दै जान्छन् र पछाडि त्यही आवाजमा भस्सी रे भस्सी भन्दै जान्छन् ।

## २.५ थलारीका भुओगीतको विश्लेषणका सैद्धान्तिक आधार

भुओ वीरगाथाको निकट मानिन्छ । यसै परिवेशमा त्यस क्षेत्रका बासिन्दाले आफ्नो वीरता र संस्कृतिको संरक्षणका लागि भुओ अर्थात् भस्सो खेल्ने प्रचलनको सुरूआत गरेको कुरा त्यहाँ वासिन्दाको भनाइ रहिआएको छ । सुदूरपश्चिमाञ्चलको

बझाङ्ग जिल्ला थलारा गाँउपालिका क्षेत्रका मालुमेला, कोइरालाकोट, कोटभैरव, पाराकाट्ने र दंगाजीमा खेलिएको भुओको शोधकर्ताले वि.सं. २०७५ साल पुस महिनाको २५, २६, २७, २८ र २९ गते वेलुकी सबै ठाँउको भुआखाडामा पुगी आफ्नो कार्य अगाडि बढाएको छ । केही मानिसहरू पहिल्यै पुगिसकेका थिए भने अरू ५-७ गरी ग्रुपमा पुग्दै थिए । चिसोका कारण कसैले कोट, जकेट, काम्लो आदि न्यानो लुगालगाएर आएका थिए । भुओखाडाको एक ठाँउमा महिलाहरूका लागि वस्न मिलाइएको रहेछ । मैले भस्यारा र अन्य जानकार विज्ञहरू क्रमशः ध्रुवराज उपाध्याय, नरी रोकाया, भीमवहादुर सिंह, उजले दमाई, तुल्या लुहारसँग भुओमा भट्याउने गीतसम्बन्धी केहीमात्रामा जानकारी लिए र निजबाट प्राप्त सामग्रीलाई नै मुख्य आधार मानिएको छ ।

भुओगीतका प्रकारलाई छुट्याउन परिवेश समयअनुसार फरक फरक हुन्छन् । भुओ खोलामा गाइने र गाउँघरमा गाइने भुओगीत एउटै हुँदैन फरक फरक हुन्छन् । लयका आधारमा कुनै लामो कुनै छोटो हुन्छ । विषयवस्तुमा पनि परिवेशअनुसार फरक फरक हुन्छ । भुओगीत एकल नभै सामुहिक मात्र हुन्छ ।

### २.५.१ भाव वा विषय

पौराणिक ऐतिहासिक र सामाजिक घटनाको श्रृङ्खलावद्ध अभिलेखका रूपमा भुओको भाव आएको पाइन्छ । सामाजिक सभ्यता, मर्यादा र परम्पराको जर्गेना गर्नु नै भुओगीतको आसय हो । भुओमा पाण्डवले अँगालेको मर्यादालाई अनुसरण गर्दै समाजमा रहेको परम्परालाई कायम गर्दे समाजलाई मर्यादित बनाउने भाव भुओ गीतमा रहेको पाइन्छ । हाम्रो सामाजिक परम्पराद्वारा जर्गेना गरिएका विभिन्न पुर्खाहरूका नासोलाई स्याहार गरी दोस्रो पुस्तालाई हस्तान्तरण गर्नु पनि भुओगीतको आशय रहेको हो । भुओगीत एक मात्र यस्तो गीतिनृत्य हो जसमा वालकदेखि वृद्धसम्म एउटै ठाउँमा अटाउँछन् । यसबाट के बुझाइ हुन्छ भने समाजमा रहेको मर्यादा अनुशासनलाई पुस्तानु पुस्ता कायम गर्नु पनि भुओगीतको भाव रहेको छ ।

### २.५.२ संरचनात्मकता

भुओगीतलाई हेर्ने हो भने गीतभित्र कुनै शास्त्रीय छन्दको प्रयोग भएको देखिँदैन । तर गद्य जस्ता कुनै लय नभएका पनि होइन गीतमा लय छ, तर छन्द

छैन । गीतभन्दा लय मिलाउनका लागि प्रत्येक गीतका अगाडि 'ए' ध्वनि जोड्ने गरिन्छ । जस्तै :

ए ! ..... पै ..... लो ..... भुओ     ए !..... भस्सी ..... रे ..... भस्सी
ए ! ..... काँ.......है ..... आयो     ए !..... भस्सी ..... रे ..... भस्सी

थलारी भुओ खेलमा गाईने गीत केही मात्रामा मात्र लयात्मक देखिन्छन् पूर्ण रूपमा भने देखिदैन । पूर्ण रूपमा देखाउनका लागि गद्यात्मक लय विशेष रूपमा अगालेको देखिन्छ । गद्यात्मक लयबाट सामन्य कुराकानीका विषयवस्तुलाई कलात्मक रूपले प्रतिकात्मक रूपमा समेत प्रस्तुत गर्ने गरेको देखिन्छ । लयलाई श्रृतिमार्धुय र श्रवणीय बनाउनका लागि सम्बोधनका प्रारम्भमा ए ! विस्मयादिबोधक चिन्हको प्रयोग गरी अन्त्यमा भस्सि रे भसी भन्ने गरेको देखिन्छ । यसको संरचना हेर्दा पहिलो अंशमा कहि ५ वटा अक्षरका प्रयोग गरिएको छ भने कहीँ ४ देखि ९ वटासम्मका अक्षरहरू प्रयोग गरेको देखिन्छ । यस्ता प्रयोगले एकातिर भुओलाई लयात्मकता प्रदान गरेको छ भने अर्को तिर त्यसको वनावट पक्षलाई समेत प्रस्तुत गर्दछ ।

भुओमा रहेको शब्दको संरचनालाई हेर्दा पद्य संरचनाका आधारमा रहेका भएता पनि यसमा लयात्मक गर्नका लागि विस्मयादिबोधकको प्रयोग समेत गरेको पाइन्छ । शास्त्रीय छन्दको भने कुनै प्रयोग भएको छैन ।

### २.५.३ लयात्मकता

भुओगीतको अर्को मुख्य विशेषता लयात्मकता र गेयात्मकता पनि हो । यसैले यी गीतहरूले लोकप्रियता प्राप्त गरेका छन् । कुनै पनि विषयवस्तु प्रति आनन्दानुभूति प्राप्त गरी तन्मय बनी क्षणिक नै किन नहोस् चित्त वृत्ति लीन गराउनु नै लय हो । भुओगीतमा लय अन्तनिहित भएकोले लयात्मकता बग्नु यिनीहरूको विशेषता हो । हरेक गीतमा आफ्नै ढङ्गले लय अथवा भाका प्रयोग गरेको पाइन्छ ।

### २.५.४ वाद्यनृत्य

वास्तवमा वाद्य-नृत्य र गायनको आपसी साहचर्य भएको खेल हो । केही गीत गाउदा बाजा बजाउने अनिर्वायता रहन्छ । बाजाहरुलाई स्वार,तार र तालका रुपमा रहेका हुन्छन् । साथै गीतहरुसँग नृत्य पनि मिसिएको पाइन्छ । लोकप्रचलित

नृत्यलाई लोकनृत्यका रुपममा पनि लिइन्छ । भुओगीतहरु मध्ये कुनै वाद्यनृत्यका साथ प्रस्तुत गरिन्छन् भने कुनै नृत्यमा मात्र प्रस्तुत हुने गीतहरू छन् । प्रमुख भुओगीतका रूपमा आउने भस्सीगीहरूले वाद्य र नृत्यसँगको साहचर्यता राम्ररी देखाउँछन् । अतः भुओगीतममा सामुहिकता, समयावधि र सहभागिता रहन्छ । सहभागीहरु हाकचाली, घुडेचाली, तेपाइचाली, चौपाइचाली र बगालीचालीका माध्यमबाट सहभागीता जनाउँछन् ।

### ३.५.५ लयात्मकता र गेयात्मकता

भुओगीतमा आप्नै प्रकारको लयात्मकता र गेयात्मकतना पनि पाइन्छ । यसैले यी गीतहरूले लाकेप्रियता प्राप्त गरेका छन् । कुनै पनि विषयमा वस्तु प्रति आनन्दातिरेक प्राप्त गरी तन्ममा क्षणिक नै किन नहोस् चित्त वृत्ति लीन गराउनु नै लय हो । त्यस्तै गीतका हरेक पङ्क्तिहरू विशेष किसिमको आरोह र अवरोहको ध्वन्यात्मक भाषामा अर्थ्याउने अर्थात् गाउने गरिन्छन् । गीत मन र जीवनको साथी हो । वास्तवमा लयात्मक र गेयात्मकतामा पनि आप्नै विशेषता बोकेको पाइन्छ ।

### ३.५.६ वाद्यनृत्यसँगको साहचर्य

वास्तवमा वाद्य-नृत्य र गायनको आपसी साहचर्य भएको खेल हो । साहचर्य हुनु नै यसको महत्त्व रहेको छ । नृत्यको प्रस्तुति गीतको गति तथा भाका र बाजाको ताल गतिअनुसार पहिले विस्तारै र अन्ततिर छिटो छिटो गरेर अभिनयात्मक कौसलताका साथ गरिन्छ ।

### ३.५.७ सामुहिकता

लोकगीत लोकसमुदायको सिर्जनात्मक अभिव्यक्ति हो । यसका रचनाकार व्यक्ति नभएर समूह हुन्छ र यसभित्र जुन भावभूमि विद्यमान हुन्छ त्यो पनि सामुहिक हुन्छ । भुओगीतमा गाइने बजाउनेहरूको पनि समान सामुहिकता रहेको पाइन्छ ।

## २.६ निष्कर्ष

भुओलाई कथन जातितत्त्व र आप्नै अध्ययनका आधारमा विश्लेषण गरिएको छ । भुओ भखाडामा १/२ दिन खोलिसकेपछि गाउँगाउँका मुख्य मान्छे, नायक,

मुखिया, कर्मचारी, शिक्षक, गाउँका विभिन्न जाति भए प्रत्येक जातिको जेठी पट्टिको हाँगाको घरमा र अन्य मान्यजनको घरमा गई भुओ खेल्दछन् । त्यसै प्रकारले त्यो वर्ष तीर्थ गरेर फर्केका मानिसको घरमा, जसको घरमा छोरा जन्मेको छ, त्यस्तै नयाँ धामी -झाँक्रीमा देवता चलेको छ भने त्यस्ता व्यक्तिहरूको घरमा गएर भुओ खेल्दछन् । जुन प्रसङगमा भुओ खेल्दछन् त्यस घरमा भुओ खेल्ने वा माणा हाल्ने र त्यसै किसिमको आर्शीवचन शब्दको पनि चयन गरेर माणा हाल्दछन् । जसको घरमा भुओ खेलिन्छ त्यस घरको मुलीले चिउणा (चिउरा) पिठायो फलफूल र पैंसा थालमा लिएर आउँछन् । भुओ खेल्नेले सम्बन्धित घरमूलीलाई जमरा र दुवो लगाईदिएर आर्शीर्वाद दिन्छन् र पैसा खेल्न आउने मध्ये एक जना विश्वासिलो व्यक्तिको हातमा दिन्छन् । यसरी भुओ एक गाउँबाट अर्को गाउँमा लिने पनि चलन छ ।

भुओखाडामा भुओ खेलिसकेपछि केही समय आफ्नो युद्ध कौशलको प्रदर्शनको लागि चाली, वगाली खेल खेल्दछन् । चाली खेलमा भुओ खेल्ने प्रायः सबै खेल्छन् । यसमा कुनै भट्याउने शब्द हुदैंन । यो खेल खेल्दा केही बोल्दैन । भुओ खेल जस्तै ढाल तरबार लिएर सबै एकै नासले फरक-फरक किसिमको वाजाको तालमा नाच्दछन् । यो पनि वृत्ताकारमा रहेर खेलिन्छ र बीचमा दमाईहरू वाजा बजाउँछन् । बाजाहरूमा दमाहा/दाइने, ट्याम्को झ्याली आदि नै प्रमुख रहन्छन् । वाजाको तालअनुसार यो खेल खेलिन्छ । भुओ र चाली खेल्दा जान्ने व्यक्तिहरू अगाडि लाग्दछन् भने अलि कम जान्ने व्यक्तिहरू पछाडि लाग्दछन् । अतः यसलाई युद्धकलाको एक प्राचीन पद्धति वा कलाका रूपमा पनि लिइन्छ ।

# तेस्रो परिच्छेद

# थलारीका भुओगीतको अध्ययन र विश्लेषण

## ३.१ विषयपरिचय

कुनै पनि देशको विकास र समुन्नतिको मापक भौतिक समृद्धि मात्र नभएर त्यस देशको सांस्कृतिक बैभव तथा जीवनशैली पनि हो । सांस्कृतिक श्रीवृद्धिका हिसाबले नेपाल ज्यादै सम्पन्न देखिन्छ । अझै भन्ने हो भने देशको सात नम्वर प्रदेश सुदूरपश्चिम त्यसमा पनि हिमालयको काखमा रहेको बझाङ सांस्कृतिक सम्पन्नताले भरिपूर्ण छ । नेपाली समाजमा परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएका लामा र केही छोटा वर्णनात्मक गीतहरू हुन्छन् । यस्ता गीतलाई लोकसाहित्यका अनुसन्धाताहरू लोकगाथा भन्दछन्, केही लोककाव्य भन्दछन् । यस्ता गीतमा आख्यान हुने हुँदा आख्यान गीत र कथानक गीत पनि भनिन्छ । ऋग्वेदकैअनुसार यज्ञ गर्दा गाईने गीतलाइक गाथा वा गाउने व्यक्तिलाई गाथिन् भनिएको छ (बन्धु, २०७१ : १९६) । प्राकृतमा पनि गीतलाई गाथा भनिएको छ । लोकगाथा भनेको यस्तो गीत हो जसमा एउटा कथा हुन्छ । लोकगाथा मौलिक परम्परामा जीवित हुन्छ । यसका गायकहरू हुन्छन् । नेपालको सुदूरपञ्चिम सात नम्वर प्रदेशको पहाडि जिल्ला बझाङको थलारामा डेउडा, धमारी, माङल, फाग र भुओ ज्यादै प्रसिद्व मानिन्छन् । डेउडा, धमारी, माङल, फाग र भुओ थलारी समुदायको सांस्कृतिको पहिचान हो ।

लोकसाहित्यका विभिन्न विधामध्येको एउटा प्रमुख विधा भुओ हो । भुओ भनेको संस्कार तथा पर्वगीत हो । यसलाई भस्सो पनि भन्निछ (पन्त, २०६६ : पृ. १) । भुओ विशेष गरी सामाजिक संस्कार भित्र गाइने लोकसाहित्यको श्रृव्य दृश्य विधाअन्तर्गत पर्दछ । भुओको रूपलाई दुई तहमा राखेर अध्ययन गर्न सकिन्छ । भुओको गायन पुरुषबाट मात्रै हुन्छ । यो लिखित नभई मौखिक हुन्छ ।

थलारी भुओगीतले लोकगीतमा समेत महत्त्वपूर्ण स्थान ओगटेको छ । यो एकातिर लोक संस्कृतिको महत्त्वपूर्ण क्षेत्र नै बनेको छ भने अर्कोतर्फ लोकगीतको उर्वरका क्षेत्रका रूपमा नै देखापरेको छ । प्राय: नेपालको पश्चिम भेगमा प्रचलित भुओ के हो ? यसको प्रचलन समाजमा कसरी भयो ? गण्डकी पूर्व तीज पर्व सेती

महाकालीमा गौरा पर्व भने कतै कतै भुओ उत्सव पर्व पनि मुख्य मानिन्छ । यसमा गाउने तरिका, खेल्ने तरिका वाद्यवादन अभिनय र कौशलताको आधार विशिष्ट रूपको छ ।

जन श्रुतिअनुसार महाभाारतको युद्धसँग भुओ खेलको सम्बन्ध रहेको देखिन्छ । यसका गीतले धर्म, पुराण, इतिहास, समाज, कृषिर्कम युद्ध पक्ष विभिन्न पक्षसँग यसको उत्तिकै निकटा रहेको पाइन्छ । यो युद्ध र यससँग सम्बन्धित युद्ध कला भनेको नै भुओ खेलको मुख्य विशेषता हो । द्वापर युगमा राज्य र राजाका लागि एक आपसमा कुरा नमिले पछि कौरव र पाण्डव बीच युद्ध हुन्छ त्यससँग सम्बन्धित युद्ध कला नै भुओको मुख्य विशेषता हो । भुओको सुरुआत कौरव पाण्डवबाट नै गरिन्छ । युद्धको परिस्थितिले वातावरणमा परेको प्रभाव सत्यको जित, विजयको खुसियालीलाई सम्बोधन गर्नु भुओ पर्व मनाउने परम्परा र परिपाटीबाट सुरु भएको हुन सक्दछ । यसै पृष्ठभूमिबाट थललारी भुओ खेलको प्रारम्भ भएको छ ।

| | | | |
|---|---|---|---|
| ए ! मालको भुओ | भस्सी | रे | भस्सी |
| ए ! पर्वत लाग्यो | भस्सी | रे | भस्सी |
| ए ! ताहैं भुओ | भस्सी | रे | भस्सी |
| ए ! ब्रह्मदेब मण्डि | भस्सी | रे | भस्सी |
| ए ! ताहैं भुओ | भस्सी | रे | भस्सी |
| ए ! कमानी आयो | भस्सी | रे | भस्सी |
| ए ! ताहैं भुओ | भस्सी | रे | भस्सी |
| ए ! जोगबुढा आयो | भस्सी | रे | भस्सी |
| ए ! भुओ गयो डोटी | भस्सी | रे | भस्सी |
| ए ! खा भुओ रोटी | भस्सी | रे | भस्सी |
| ए ! भुओ गयो मण्डी | भस्सी | रे | भस्सी |
| ए ! अब भुओ ठण्डी | भस्सी | रे | भस्सी |

उपरोक्त आंशिक मूलपाठले भुओ खेल्दा अपनाइने विभिन्न अवस्थाको चित्रण गरेर भुओ सम्वन्धी सामान्य चिनारी समेत दिएको छ ।

अप्राहन्न तीन बजेतिर गाउँका सबै युवा, बूढापाका तथा सानातिना केटाकेटीहरू पाँचपाण्डवको मन्दिर नजिक भखाडामा भुओ खेल्न जम्मा हुन्छन् । भखाडो धेरै घर तथा गाउँहरूको बीचमा वा सबैको पायक पर्ने ठाउँमा हुन्छ त्यहाँ जम्मा भएर भारीखेल, भुओ चाली, जिउनापुरी धारुभाले, चौधाना आदि खेल

खेल्दछन् कुनै ठाउँमा भुओ खेल्नुभन्दा पहिले भारी खेल खेल्दछन् । भारी खेलका केही अंशहरू निम्नानुसार छन् । यो लयात्मक स्वरमा गाइन्छ । जस्तै :

गंगा जमुना भागिरती
अन्तरबिनी सरस्वती
को बैना बसिछन् कालीका वर
को बैनान बसिछन् मालिका वर
कुन्ता बैना बसिछन् कालिका वर
मन्ता बैना बसिछन् मालिका वर
कन्ने पाएछ पाँच पुत
कुन्ताले पाएछ पाँच पुत
कन्ने पाएछ सय पुत
मन्ताले पाएछ सय पुत

यसरी भारी खेल खेलिसकेपछि मानिसहरू वृत्ताकारमा भुओ खेल्न थाल्दछन् । बृत्ताकारको बीचमा दमाईहरू बाजा बजाएर बस्छन् । बाजाहरूमा स्थानीय बाजाहरू दमाह, ट्याम्को, झ्याली, सनाई, नरसिङ्गो आदि बजाउँछन् । बाजाको तालसँगै भुओ खेल्दछन् । भुओ सुरू गर्दा माडा हाल्ने (भट्याउने) व्यक्तिहरू अगाडि अगाडि खेल्दै जान्छन् अरू भस्सी रे भस्सी अर्थात् भस्सी भुओ भाइ भन्नेहरू पछिल्तिर एउटै स्वरमा गाँउने गर्दछन् । भुओ खेल्दा दायाँ हातमा तरबार र बायाँ हातमा ढाल लिन्छन् तर केटाकेटीहरूलाई ढाल तरबार चलाउन दिदैंनन् । सबैभन्दा अगाडि गाउँका बूढापाका माडाहाल्न जान्ने मानिसहरू त्यसपछि युवाहरू र पछाडि सानासाना केटाकेटीहरू वृत्ताकारमा रहेर खेल्दछन् । केटाकेटीहरू तरबारको सट्टा सानो सानो काठको लट्ठी र ढालको सट्टामा कपडाको रुमाल र गलबन्दी वा पातसहितको रूखको हाँगा समात्छन् । कसैले काँधमा लामो गलबन्दी हालेर गलबन्दिको दायाँ हात तिरको टुप्पोलाई तरबार र बायाँ हाततिरको टुप्पोलाई ढाल बनाएर खेलेको पनि देखिन्छ तर अर्को गाउँमा खेल्न जाँदा सकेसम्म धेरैले ढाल तरबार लिएर नै खेल्न जान्छन् । ढाल तरबार एकनाशले चलाएको दृश्य रमाइलो हुन्छ । भुओ फरक-फरक किसिमले खेलिन्छ ।

## ३.२ भुओका प्रकार

भुओगीतका प्रकारलाई छुट्याउन परिवेश समयअनुसार फरक फरक हुन्छन् । भुओ खोलामा गाइने र गाउँघरमा गाइने भुओगीत एउटै हुँदैन फरक फरक हुन्छन् । लयका आधारमा कुनै लामो कुनै छोटो हुन्छ । विषयवस्तुमा पनि परिवेशअनुसार

फरक फरक हुन्छ । भुओगीत एकल नभइ सामुहिक मात्र हुन्छ । भुओ खेललाई आड्या भुओ (भस्सो) र ठाडो भुओ (भस्सो) गरी दुई किसिमले खेलिन्छ र यसलाई पनि भुओ खेलको स्वर र लयको आधारमा छुट्याइन्छ । यसका अतिरिक्त भुओ खेललाई अन्य आधारमा पनि वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

### ३.२.१ आड्या भुओ (भस्सो)

आड्या र ठाडो भुओमा (भस्सो) माडा हाल्ने शब्दहरू उस्तै भए तापनि आड्या भुओमा लामो शान्त करुणरसमा लय मिलाएर माडा हाल्ने र भस्सी रे भस्सी भन्ने गर्दछन् ।

ए ..... पै ..... लो ..... भुओ ए ..... भस्सी ..... रे ..... भस्सी
ए ..... काहाँउ ..... बज्यो ए ..... भस्सी ..... रे ..... भस्सी

### ३.२.२ ठाडो भुओ (भस्सो)

ठाडो भुओमा (भस्सो) छोटो जोसिलो ठूलो स्वरमा वीर रसयुक्त स्वरमिलाएर भस्सी रे भस्सीको सट्टामा भस्सो मात्र भन्दछन् । अतः ठाडो भुओ (भस्सो) पछि पनि दुई चारपटक आड्या भुओको (भस्सो) लयमा गायन गरेर टुङ्गयाउँछन् ।

यहाँ एउटा मान्छेले गीत गाइन्छ नृत्यमा ढाल-तरवारलाई देखाएर एक साथ एकनासले बाजाको तालमा नाच्दछन् । यस गीतहरू यसरी प्रस्तुत गरिन्छ :

| अग्रपंक्तिकाले भट्याउने भाडा | पछिल्लो भागका खेलादीले भन्ने बाँकी अंश |
|---|---|
| ए. पले भुओ | इ मस्सी रे भस्सरि |

### ३.२.३ अन्य प्रकार

भुओगीत सुरु गर्नु पूर्व भुआखामा केही माङ्गलिक खेल तथा वीर पुरुषका वीरगाथाको पनि प्रस्तुत गर्ने गरिन्छ । माङ्गलिक गीतमा रक्षात्मक प्रणालीका लागि ईश्वरको स्तुति भक्ती गर्ने जस्ता विषयवस्तु रहेका हुन्छन् भने वीरगाथा तर्फ भुओगीतलाई वीरता प्रदर्शन गर्न सहयोग पुग्ने खाले विषयवस्तु रहेको पाइन्छ । विशेषतः भुओगीतको सुरुमा माङ्गलिक गीत, सगुन जस्ताबाट सुरु भै वीरगाथामा अन्त गर्ने प्रचलन थलारीको भुओमा रहिआएको छ । यस्ता माङ्गलिक गीत र वीरगाथाहरूमा भारी खेल, सगुन, धारुवले चौधान्या चौण र सरवटली आदि जस्ता भुओ गीतका प्रकार समेत रहेका छन् ।

### ३.२.३.१ सगुन

सगुन गीत देवी देवतालाई प्रार्थना गर्ने खालका गीत हुन् यसमा भुओ खेल्दा एक आपसमा चोट पट नलागोस् कुनै दुर्घटना नआइलागोस् भन्नका लागि ईश्वरको स्तुतिभक्ति गर्ने खालको विषयवस्तु समेटी गीत गाइने गरिएको पाइन्छ । जुन गीतको केही अंश यस प्रकार रहेको छ ।

धरतीमै को छ वडो
देवतामै को छ वडो
मनुस्यमै को छ वडो
धरतिमै जाग्यासर वडो
देवतामै राजा इन्द्र वडो
मनुस्यमै नाग मल्ल वडो
देवतामै को छ ठूलो
देवतामै गणपति ठूलो आदि ।

### ३.२.३.२ धारु भले

यो गीत गाउँदा वृताकार गोल घेरामा उभिएका सहभागीहरूले आफ्ना दुवै हात आफूभन्दा अगाडि पछाडिका व्यक्तिका पाखुरामा समाती खुट्टाका पाइला पनि अगाडि पछाडि पारी विशेष किसिमले  खेल खेलिन्छ । गीत गाउँदा अग्रपङक्तिबाट एक जना जानकार व्यक्ति माणा भन्दछ भने अन्य ५, ७ व्यक्ति त्यसैलाई एक साथ दोहोम्याउँछन् । भाणा भन्नेले भूल भाग भन्ने गर्दछ भने अन्य बाँकीले एकसाथ धारु भले भाई धारु भले भन्दछन् । जुन धारु बलेको केही अंश निम्न बमोजिम रहेको छ ।

| मूल अंश | बाँकी धारु भले भाई |
|---|---|
| सल्यानी कोट क्याउ बढाई बजी | धारु भले भाई धारु भले |
| साइमहाराजा र रम्भाचेली | धारु भले भाई धारु भले |
| तिनु दुईको जर्मनु भयो | धारु भले भाई धारु भले |
| माल जर्मी रम्भा चेली | धारु भले भाई धारु भले |
| सल्यानका साई महाराज | धारु भले भाई धारु भले |
| गैरा गाउकी रम्भाचेली | धारु भले भाई धारु भले |
| भैसी गोठालो साई महाराज | धारु भले भाई धारु भले |
| रम्भा चेली गबलु खोया | धारु भले भाई धारु भले |
| साइमहाराजले बासुरी ठ्योक्यो | धारु भले भाई धारु भले |
| रम्भा चेलीले विनायो ठ्योक्यो | धारु भले भाई धारु भले |

| | |
|---|---|
| वासुरीका शब्दले क्याउरे भाका बोलु कठ | धारु भले भाई धारु भले |
| विनायाका शब्दले क्याउरे भाका बोलु कठ | धारु भले भाई धारु भले |
| ग्वालाखेल अरीहेलु | धारु भले भाई धारु भले |
| जोइर्शी ज्यू लाई हेराईहेलु | धारु भले भाई धारु भले |
| दिनु भयो आयो कठ | धारु भले भाई धारु भले |
| आइत नवो वार कठ | धारु भले भाई धारु भले |
| आदी ग्वाला पैलिभया | धारु भले भाई धारु भले |
| आदि ग्वाला माइती भया | धारु भले भाई धारु भले |
| साइमहाराज रम्भाचेली | धारु भले भाई धारु भले |
| व्याउ रचाइ हेलु कठ | धारु भले भाई धारु भले |

यसरी शाही महाराजा र रम्भा चेलीको वनमा विवाह भएको प्रसंगलाई विषयवस्तु बनाई ग्वाला ग्वालीको प्रसंग जोडी तत्कालीन विषयवस्तुको प्रसंग प्रस्तुत गरेको पाइन्छ ।

### ३.२.३.३ चौधान–चौण

यो खेल खेल्दा एक आपसमा हात समाती गोल घेरामा खेल खेलिन्छ । यो खेल अलि फुर्तिलो र जागरिलो पाराले खेलिन्छ । यसमा जुम्ली महाराजले आफ्नो राज कर्मचारी शोभा रावललाई चौघान (कवाज) खेल्न अराएको विषयवस्तु समेटी राजाले कवाज खेल्दा शोभान रावलले मागे बमोजिमको घोडा बकस दिएको प्रसंग उल्लेख छ । जसको मूल अंश यस प्रकार रकेको छ ।

| **भट्याँउने गीत** | **सबै खेलाडीले भन्ने अंश** |
|---|---|
| ए ! चौधान चौण | ए ! चौधानीया भाई |
| ए ! शोभा रावल | ए ! चौधानीया भाई |
| ए ! कोट बोलायो | ए ! चौधानीया भाई |
| ए ! पोरुत वाइछया | ए ! चौधानीया भाई |
| ए ! आज बोलायो | ए ! चौधानीया भाई |
| ए ! क्यालाई बोलायो | ए ! चौधानीया भाई |
| ए ! चौधान खेलाउन | ए ! चौधानीया भाई |
| ए ! क्या देला राजा | ए ! चौधानीया भाई |
| ए ! राग सुतम | ए ! चौधानीया भाई |
| ए ! क्यादेला राज | ए ! चौधानीया भाई |
| ए ! गाथको पागो | ए ! चौधानीया भाई |
| ए ! शोभा रावल | ए ! चौधानीया भाई |

| | |
|---|---|
| ए ! क्या देला राजा | ए ! चौधानीया भाई |
| ए ! कानको ढाल | ए ! चौधानीया भाई |
| ए ! शोभा रावल | ए ! चौधानीया भाई |
| ए ! क्यादेला राजा | ए ! चौधानीया भाई |
| ए ! माल्या घोडो | ए ! चौधानीया भाई |
| ए ! चौघान चौड | ए ! चौधानीया भाई |
| ए ! माल्याघोडी दौड | ए ! चौधानीया भाई |

यसरी अन्त्यमा राजाले शोभा रावललाई चौघान खेलाए वाफत् घोडा दिइसकेपछि खेलका सबै खेलाडी घोडाको टापको अभिनय गर्दै खेल टुङ्ग्याउँछन् ।

### ३.२.३.४ सर वटली

यो खेल खेल्दा एक अर्कोको हात समाती गोल घेरामा खेलिन्छ । गीत गाउँदा जे जस्ता शब्दावलीको प्रयोग गुरुले गर्दछन् । त्यस्तै शब्द खेलाडीले प्रयोग गर्दछन् । गीत गाउँदा गुरुले जे जति गाउँन्छन् अन्य खेलाडीहरूले पनि त्यही गीत दोहोर्‍याउँछन् । यस खेलका मूल अंश निम्नानुसार रहेका छन् ।

| **भट्याँउने गीत** | **सबैले भन्ने गीत** |
|---|---|
| सर बट्ली | सर बट्ली |
| लागीजाउ बटली | सर बट्ली |
| हामु कइकी लाज | सर बट्ली |
| बुबाज्यूकी लाज | सर बट्ली |
| थुचुक्कै बसिजाउ | सर बट्ली |
| सर बट्ली | सर बट्ली |
| लागि जाउँ वटली | सर बट्ली |
| हमि कइकी लाज | सर बट्ली |
| इज्जु ज्यू की लाज | सर बट्ली |

यसैगरी यस खेलमा गाइने गीतहरू प्रस्तुत गरिन्छ । यस गीतमा अझ लम्ब्याएर आफ्ना मान्यजनको नाता जोडिदै लाज मानेर बसिहालै भन्दै फेरी उठी हालै भन्दै खेल खेलिन्छ । यस खेलमा विषयवस्तु भने खासै घटना क्रममा नभए पनि गीतको लय र खेलको रमाइलोलाई नै महत्त्व दिएर गाइन्छ ।

## ३.३ थलारीका भुओगीतमा सांस्कृतिक पक्ष

नेपाल विविध सांस्कृतिक विशेषता भएको देश हो । नेपालमा विभिन्न जात-जातिको साझा बसोबास रहेको छ, त्यसैले होला नेपाललाई चार जात छत्तीस

वर्णको साझा फूलबारी भनिएको पाइन्छ । सोहीअनुसार उनीहरूको लवाइ-खवाइ, चाड पर्व, धर्म-संस्कृति, देव-देवी, मठ-मन्दिर अलग-अलग पाइन्छन् । तदनुसार बझाङ जिल्लाको थलारा क्षेत्रमा पनि सांस्कृतिक विविधता पाइन्छ । उनीहरूको वेशभूषा पनि अन्यस्थान भन्दा फरक छ । विभिन्न जात-जातिका मानिसहरूले मनाउँने पर्व, लगाउने लुगा, खानपिनको अवस्थाले थलाराको मौलिक पहिचान झल्किन्छ । उनीहरूले लगाउने पोशाकमा पुरूषले टोपी, कमिज, सुरूवाल, दौरा (पत्तु), इस्टकोट, कोट, पटुका, जुत्ता, मोजा चप्पल र गलबन्दी, कसै कसैले सर्ट पाइन्ट पनि प्रयोग गरेको पाइन्छ भने महिलाले गुन्यूँ, चोलो, भोट्या, मजेत्रो, भाङरो कपडाको गादो र केही- केहीले ब्लाउज, पेटिकोट, साडी पनि लगाउँछन् । महिलाले प्रयोग गर्ने गहनाहरूमा कानमा मुन्द्रा (मुनुडि), बाली, ढुक्री नाकमा फूली, बुलाकी (गुलाफी), नथ (नथ्नी) टाउकोमा सुनको फूल घाँटीमा तिलहरी, मंगल सूत्र, पोते (पोत्या) चाँदीको कम्पनीमाला, अठन्नी माला चवन्नी माला हातमा चाँदीका बाला, साधारण चुँरा (चूणी) औलामा औठी र खुट्टामा चाँदीका कल्ली, चाँदीका पैरा, पाइजु आदिको प्रयोग गर्दछन् भने खानेकुरामा पुरी (लाउन) बाबर, जौ को रोटी, फापर सिस्नुको तरकारी, मकै, गहूँ र कोदाको रोटी, वटुक, चुकानी, गतानी, डुब्का, माणा, ताल्यामाण, झुञ्झुने माणा, छाँइमाणा खिर, खिचडी, गोद्या, हलुवा, महनभोक, माछा, मासु, आदि पर्दछन् ।

थलारा क्षेत्रमा मन्दिर रै मन्दिर छन् । यहाँ हिन्दू धर्मालम्बीहरूको बाहुल्य पाइन्छ । विशेषगरी कालीका देवी, मालिका देवी, शीलादेवी (शैलेश्वरी) गणेश, शिव, सूर्य, विष्णु, लक्ष्मीको पूजा बढी मात्रामा गरिन्छ भने स्थानीय तहका कुल देवता मष्टो, लाङो, खापर, डाँणाबाग, मसानी, महालिङ्ग, बाँटपालो, भैरब, कालिका, धौलपुरो, कालसैन, बार देवता, तानदेव, पनालदेव, लाँकुडो, लवासैन, शिल्देवी, कउसेडि, डुडे आदिको समेतपूजा आराधना गर्दछन् ।  यस थलारा क्षेत्रमा विभिन्न किसिमका चाडपर्वहरू बडो रमाइलो, उत्साह र उल्लासका रूपमा मनाइन्छ ।

विशेषगरी यहाँका चाडपर्वहरूमा विसङ्क्रान्ति (विसु) खाइवस्नु, कृष्ण जन्माष्टमी, नागपञ्चमी, जनै पुनि, घास्या सङ्क्रान्ति, गावे सङ्क्रान्ति, दशै-तिहार, गौरा भस्सो तिज, रक्षाबन्धन, माघेत्यार चैत्याष्ठमी गङ्गादशहरा, चद्र्शी, उत्ताइनी, तागासेलाइँ, चद्वशी मेला, आदि यस क्षेत्रका प्रमुख चाडपर्वहरू हुन् । माथि चर्चा

गरिएका सांस्कृतिक सबै पर्वहरूमा भुओ गीतको प्रभाव नभए पनि केही पर्वहरूमा भने भुओ गीतको प्रभाव रहेको छ ।

## ३.४ थलारीका भुओगीतमा भाषिक पक्ष

थलाराका खेलिने भुओको भाषा सामान्य कुराकानी गफगाफ आपसी वार्तालाभ गरे जस्तो देखिन्छ । सबैले बुझ्न सक्ने सरल अवस्थाको भुओको भाषिक अवस्था पनि सरल बनाउन खोजिएको छ । जस्तो स्थानीय चलन चल्तीका शब्दको बढी प्रयोग गरेको देखिन्छ । जस्तो :

ए पानी हाल्ला पानी भस्सी रे भस्सी
ए वर्खा काँही आउनो भस्सी रे भस्सी
ए पाठो पुगाइ देउ भस्सी रे भस्सी
ए भौलिनिया चौलाइ भस्सी रे भस्सी
ए आयो भुओ तम्रो भस्सी रे भस्सी
ए हसाउन्यालाई दिनु भस्सी रे भस्सी
ए रुवाउन्यालाई लिनु भस्सी रे भस्सी
ए पाँच पाण्डव देउको भस्सी रे भस्सी
ए भस्सारा भाईयौं भस्सी रे भस्सी
ए भुओ
ए बाटो
ए छोटो
ए काँहा
ए जाने
ए भस्सो
ए भुओ
ए भस्सो रे भस्सो
ए यो भुओ कस्तो
ए वाला खोलाउदो
ए बुढाबुढी हसाउदो
ए तन्यारी नचाउदो

उपरोक्त प्रयोग भएका शब्दले थलारी भुओमा स्थानीय भाषाको प्रभाव देखिन्छ । थलाराका सबै क्षेत्रमा खेलिने भुओको भाषा सरल सुबोधगम्य रहेको छ भन्ने कुरा समेत यसले पुष्टि गर्दछ ।

## ३.५ थलारीका भुओगीतको संरचना पक्ष

अन्य लोकगीतहरू र भुओगीतको संरचनात्मक ढाँचामा केही भिन्नता देखिन्छ । आयामका दृष्टिले लामाछोटा जेजस्ता पक्तिहरू भएपनि अन्त्यानुप्रास नमिलेका अधिल्लो पंक्तिहरू पछिल्लोको सहायक रूपमा नआइ सबै पंक्तिहरूले उत्तिकै अर्थ बुझाउने गरी आउनु, कम्तिमा तीन अक्षरदेखि सोह्रसत्र अक्षर सम्मका पंक्तिहरू हुनु थलारी भुओ गीतका संरचनात्मक विशेषता हुन् । कुनै गीतहरू आख्यानयुक्त छन् भने कुनै आख्यानमुक्त पनि छन् । संरचनामा प्रयुक्त भाषाका आधारमा सबै गीतमा अत्याधिक मात्रामा स्थानीय भाषको प्रयोग गरिएको छ । पात्रका आधारमा मानव पात्रको मात्र प्रयोग गरिएको छ ।

यस गीतमा वाद्य, नृत्य र गीत मिलाएर गाइन्छ । बाजामा ट्याम्को, दमाहा, झ्याली, मुजुराको प्रयोग गरिन्छ । नृत्य हुने मूल गीतमा पाण्डव र कौरवको उत्पत्तिदेखि गाउँघरसम्म भुओ आइपुगेको भन्ने कुराको इतिहास प्रस्तुत गरिएको हुन्छ । भुओगीत एक मात्र यस्तो गीत हो जसमा बालकदेखि वृद्धसम्मका सबै सहभागी हुन्छन् । यसमा उमेरको कुनै हत छैन यो । अनुशासनमा खेलिने खेल तथा गीत हो । यसमा युद्धकालको झझल्को देखिने गरी हातहतियार देखिने हुँदा पूर्ण अनुशासन तथा संचयमा मात्र यो खेल खेलिन्छ । खेल र गीतको एक आपसमा नङ्ग मासुको सम्बन्ध छ । यहाँ एउटा मान्छेले गीत गाइन्छ नृत्यमा ढाल-तरवारलाई देखाएर एक साथ एकनासले बाजाको तालमा नाच्दछिन् । यसका गीतहरू निम्नानुसार प्रस्तुत गरिन्छन्, जस्तैः

| अग्रपंक्तिकाले भट्याउने माडा | पछिल्लो भागका खेलाडीले भन्ने बाँकी अंश |
|---|---|
| ए ! पाण्डवका घर | ए ! मस्सी रे भस्सरि |
| ए ! पाण्डव धृतराष्ट्र | ए ! मस्सी रे भस्सरि |
| ए ! दुबै जना भाई हुन् | ए ! मस्सी रे भस्सरि |
| ए ! पाण्डवकी रानी | ए ! मस्सी रे भस्सरि |
| ए ! कुन्ता थिइन् | ए ! मस्सी रे भस्सरि |

भुओगीतका प्रकारलाई छुट्याउन परिवेश समयअनुसार फरक फरक हुन्छन् । भुओ खोलामा गाइने र गाउँघरमा गाइने भुओगीत एउटै हुँदैन फरक फरक हुन्छन् । लयका आधारमा कुनै लामो कुनै छोटो हुन्छ । विषयवस्तुमा पनि परिवेशअनुसार

फरक फरक हुन्छ । भुओगीत एकल नभै सामुहिक मात्र हुन्छ । पौष कृष्ण पक्षको आमावास्य तिथीमा भुवखाडोमा आगो बाली भुओ गीतको सुरुआत गरिन्छ । त्यसपछि पौष शुक्ल पक्षका दुतियो तिथिको दिन पहेलो टिका आपसमा बाढी दुया तिहार मनाइन्छ । यहाँ लोक साहित्यका विविध विधाहरू झागिएको पाइन्छ । लोक साहित्य, लोक जीवनको सुख दुःख, आँसु हासो, कथा व्यथा, सहज स्वाभाविक अभिव्यक्ति हुन् । प्रत्येकको जनजिब्रोमा टाँसिएका खोला, पधेरा, वन डाँडामा गुन गुनाएका लोक साहित्यहरू थलारा क्षेत्रम पनि पाइन्छन् । यी लोक साहित्यलाई लोक कथा, लोकगीत, लोकगाथा, लोक नाट्य, लोकोक्ति (उखान टुक्का, गाउँखाने कथा) आदिका नामबाट चिनिन्छन् ।

थलारी भुओगीतले लोकगीतमा महत्त्वपूर्ण स्थान ओगटेको छ । यो एकातिर थलारी लोक संस्कृतिको महत्त्वपूर्ण क्षेत्र नै बनेको छ भने अर्कोतर्फ थलारा क्षेत्र लोकगीतको उर्वर भूमीका रूपमा नै देखापरेको छ । प्रायः नेपालको पश्चिम भेगमा प्रचलित भुओ के हो ? यसको प्रचलन समाजमा कसरी भयो ? गण्डकी पूर्व तीज पर्व, सेती महाकालीमा गौरा पर्व भने कतै कतै भुओ उत्सव पर्वका पनि मुख्य मानिन्छ । यसमा गाउने तरिका, खेल्ने तरिका वाद्यवादन, अभिनय र कौशलताको स्वरूप विशिष्ट खालको रहेको छ ।

जन श्रुतिअनुसार महाभाारतको युद्धसँग भुओ खेलको सम्बन्ध रहेको देखिन्छ । यसका गीतले धर्म, पुराण, इतिहभुओ समाज, कृषिर्कम र युद्धपक्षसँग यसको उत्तिकै निकटा रहेको पाइन्छ । यो युद्ध र युद्धसँग सम्बन्धित भएको हुनाले नै भुओ खेलको मुख्य विशेषता बन्न पुगेको छ । द्वापर युगमा राज्य र राजाका लागि एक आपसमा कुरा नमिले पछि कौरव र पाण्डव बीच युद्ध हुन्छ त्यससँग सम्बन्धित युद्ध कला नै भुओको मुख्य विशेषता हो । भुओको सुरुआत कौरव पाण्डवबाट नै भएको हो । युद्धको परिस्थितिले वातावरणमा परेको प्रभावले सत्यको जित, विजयको खुसियालीलाई सम्बोधन गर्नु नै भुओ पर्व मनाउने परम्परा र परिपाटीको अवस्था हो । यस्ता पाठहरूलाई निम्न लिखित रूपमा देखाउन सकिन्छ ।

थलारी भुओमा लामा र छोटा संरचनाका गीत हुन्छन् । जसमा तीन अक्षर देखि तेह्र अक्षरसम्मका रहेका हुन्छन् । यस्ता संरचनाका केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ । जस्तै :

**लामो संरचना**

रामचन्द्र लछिमन क्याउछौ मथुरा
वनवास लेखिहेल्यो छौ है मथुरा

**छोटो संरचना**

ए ! पैलो
ए ! भुओ
ए ! कहाँ
ए ! उवज्यो

### ३.५.१ थलारीका भुओगीतमा लयात्मकता र गेयात्मकता

भुओगीतमा आफ्नै प्रकारको लयात्मकता र गेयात्मकतना पनि पाइन्छ । यसैले यी गीतहरूले लाकेप्रियता प्राप्त गरेका छन् । कुनै पनि विषयमा वस्तुप्रति आनन्दातिरेक प्राप्त गरी तन्ममा क्षणिक नै किन नहोस् चित्त वृत्ति लीन गराउनु नै लय हो । यी भुओगीतमा लय अन्तनिहित भएकोले लयात्मकताका बग्नु यिनीहरूको विशेषता हो । हरेक गीतको आङ्नै ढङ्गले लय अथवा भाका पाइन्छ ।

यस्तै भुओगीतका गेयात्मकता पनि छ । गीतका हरेक पङ्क्तिहरू विशेष किसिमको आरोह र अवरोहको ध्वन्यात्मक भाषामा अन्थ्याउने अर्थात् गाउने गरिन्छन् । गीत मन र जीवनको साथी हो । हरेक दुःख सुखमा घाम-छायाँमा छहारी र बिसौनीमा, गति र घुम्तीमा यो गुन्जन्छ अनि हृदय, सरलता र स्वर लहरीमा मूर्त भइदिन्छ । जीवनका केस्रा केस्रामा गीत ढालिन्छ, लहरिन्छन् र उज्यालो छर्छन् । वास्तवमा लयात्मक र गेयात्मकतामा पनि आफ्नै विशेषता बोकेको पाइन्छ ।

### ३.५.२ वाद्यनृत्यसँगको साहचर्य

भुओ खेल भनेको वास्तवमा वाद्य-नृत्य र गायनको आपसी साहचर्य भएको खेल हो । साहचर्य हुनु नै यसको महत्त्व रहेको छ । यहाँ प्रस्तुत गरिएका भुओगीतह मध्ये कुनै वाद्यनृत्यका साथ प्रस्तुत गरिन्छन् भने कुनै नृत्यमा मात्र प्रस्तुत हुने गीतहरू छन् । प्रमुख भुओगीतका रूपमा आउने भस्सीगीहरूले वाद्य र नृत्यसँगको साहचर्यता राम्ररी देखाउँछन् । गोल तथा वृत्ताकार घेरामा उभिएका खेलाडीहरू वाद्यका तालमा र गीतका आरोह अवरोहअनुसार पाइला मिलाउँदै ढाल, तरवारलाई खेलाउँदै यथोचित अभिनयका साथ नाचिरहेका हुन्छन् । नृत्यको प्रस्तुति गीतको

गति तथा भाका र बाजाको ताल गतिअनुसार पहिले विस्तारै र अन्ततिर छिटो छिटो गरेर अभिनयात्मक कौसलताका साथ गरिन्छ । यसैगरी सान्दर्भिक भुओगीतमा वाद्यको प्रस्तुति नभई गीत र नृत्यको मात्र साहचर्य देखिन्छ । गीतलाई अलग राखेर खेलिने चालीखेलहरूमा वाद्यनृत्यको साहचर्यपूर्ण रूपले भएको पाइन्छ । गीत, वाद्य र नृत्य तथा गीत र नृत्य अनि वाद्य र नृत्य जे जस्तो प्रस्तुति भए पनि यिनीहरूको आपसी साहचर्य देखिनु भुओगीतको अति महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ ।

### ३.५.३ सामुहिकता

भुओगीत एकल गीत नभएकाले समुदायको आवश्यकता रहेको हुन्छ । समुदायद्वारा सामुहिक रूपमा मात्र भुओगीतको अस्तित्त्व रहेको हुन् । भुओमा भाडा हाल्ने (गुरु) त्यसलाई साथ दिने अन्य व्यक्ति, त्यस गीतको पछिल्लो चरणलाई अगाडि बढाउने समूह र वाद्यवादन गर्ने समूह समेच एक अर्काको परिपुरकका रूपमा रहेका हुन्छन् । भुओगीतको अर्को महत्त्वपूर्ण विशेषता सामुहिकता पनि यही हो । यो १/२ जनाले खेल्न त्यति रमाइलो र सान्दर्भिक मानिँदैन । यसमा गाउँघरमा सम्पूर्ण युवा, तन्नेरी र बुढापाकाको सहभागिता आवश्यक हुन्छ । सानो, ठूलो, वल्लो, पल्लो, तेरो, मेरो, जान्ने नजान्ने भन्ने कुरा रहँदैन । प्रमुख रूपमा यसमा पुरुषहरूको सहभाीगतालाई लिइन्छ भने महिलाहरू दर्शकका रूपमा रहन्छन् । भुओगीतमा गाइने बजाउनेहरूको पनि समान सामुहिकता रहेको पाइन्छ ।

### ३.५.४ समयावधि

भुओ खेलको समयसँग ठूलो महत्त्व छ यो सौरे गठनात्मक नभई चन्द्र गठनाअनुसार पौष अमात्मावास्यको दिन सुरु गरी पौष शुक्ल पक्षको द्वितीय तिथिबाट मात्र यसको सुरुआत गरिन्छ । यसले कुन स्थामा कति समय दिने भन्ने कुनै निश्चिता रहेको हुँदैन भुओको खेल सहभागिता र स्थान बमोजिम समस्या अवधि भिन्न भिन्न हुन्छ । भुओ खेल्ने, गाउने तथा नृत्य गरेर मनाइने समय पनि सबै ठाउँको एउटै छैन । भेरी क्षेत्रमा प्रायः दशै र तिहारबीचको समयमा खेलिने कुरालाई यात्री यसरी भन्दछन् “शरदकालीन नवरात्रको समाप्तिपछि तिहारको माझ कुनै रात अधिकांश नागरिकका माझमा यो खेल निर्धक्कसीत खेलिन्छ ।” दैलेखतिर लक्ष्मीपूजाको अघिल्लो दिनदेखि खेलिन्छ । यसैगरी कृष्णप्रसाद पराजुली, धर्मराज थापा, हंसपुरे सुवेदी, जयराज पन्त, रत्नाकार देवकोटा र कालीभक्त पन्तले यो खेलीने समय पुसे औंसीको रात हो भन्ने

परम्परालाई देखाउँछन् । यो मनाइने समयावधिलाई एक रात मात्र मानिएको छ । बझाङको थलारामा मनाइने भुओ पुसे औसीदेखि नै हो र यसलाई उक्त दिनदेखि सुरु गरेर ७, ९ अथवा सो भन्दा बढी दिनको समयसम्म मनाइने गरिन्छ । उक्त भुओ माघे संक्रान्तिभन्दा पूर्व नै विसर्जन गर्ने चलन भने थलरामा पनि रहेको पाइन्छ ।

### ३.५.५ सहभागिता

भुओ पुरुषप्रधान खेल हो । यसमा भागलिने पनि पुरुष मात्र हुन्छन् । नारीवर्गको यसम सहभागिता देखिदैन । लोकगीतमा नारीपुरुषको साझा सम्बन्ध मिलामतोका आधारम एकल, दोहोरी चल्दछ भने भुओगीतमा त्यस्तो महिलापुरुषको सहभागिता भएको देखिदैन । नारीहर दर्शकका रूपमा मात्र उपस्थित हुने गर्दछन् । भुओमा युद्धमा प्रयोग गरिने हातहतियारको प्रयोग सहित खेलिने खेल भएकोले महिलाले भाग नलिने हुन्छन् । हाम्रो धार्मिक परम्परा बमोजिम केही अववादलाई छोडी महिलालाई युद्धमा लगाउने परम्परा छैन । उक्त परम्पराको जगेर्ना गर्न पनि यो खेलमा महिला सहभागी हुँदैनन् । यो पुरुषले खेल्ने खेल मात्र हो । यसम खेलमा विभिन्न जाति, धर्म, परम्परा, रीतिरिवाज मान्ने वर्ग वा समुदायका प्रायः सबै उमेर समूहका पुरुषहरूको सहभागिता हुन्छ । तर त्यसको नेतृत्व त्यस क्षेत्रका मुखीया नाइके, कटुवालले मात्र गर्दछन् । त्यसको नेतृत्व पनि गाउँ ठाउँ पिच्छे फरक फरक व्यक्तिले गर्दछन् । विशेष गरी गाउँ प्रमुखले, मुखियाले नै गर्दछन् सो नभए त्यसपछि र नाइके नेतृत्व गर्दछ ।

## ३.६ भुओ खेलको प्रदर्शन विधि

द्वापरयुगमा राज्य प्राप्ति लागि भाइ भाइ बीच भएको लडाई र सो लडाईबाट कौरव पक्षको हार र पाण्डव पक्षको जित भई विजयोत्सव मनाउने सिलसिलामा भुओगीतको उत्पति र विकास भएको हो । मुख्यतया कुन शब्दले मेल खान्छ भनि विचार गर्दा पक्ष तिथि बार नक्षत्र योग तथा महिनाका आधारमा निर्धारित पुण्यकाल भनि तिथिलाई समेत किटन गरी परिभाषा लगायतले यस खण्डमा मनाइने भुओ खास तिथि ठाउँअनुसार फरक फरक भएता पनि आखिरमा तिथिकै आधारमा मनाइने हुँदा यसलाई एउटा पत्रको रूपमा मानिएको पाइन्छ । यो खेल सुरु हुनु भन्दा २/४ दिन अगाडि गाउँका मानिसहरू भेला भएर सरसल्लाह गरी गाउँमा सुतक र जुठो के छ त्यसको आधारमा भुओ खेल्ने

निर्णय हुन्छ । यसरी भुओ खेल्दा दोमासे हुनु हुँदैन यदि त्यस्तो भयो भने छिट्टै नै विर्सजन गरिन्छ ।

भुओ स्थापना हुँदाको दिनमा नाइकेले बिहान भुओ खेल्ने ठाउँमा आई विधिपूर्वक भुओखाडोको पूजा गरी मुढो सल्काउने र अरू भस्सेराहरूले आ-आफ्नो घरबाट कतिजना पुरुष छन त्यतिवता राँको बनाई भुओ खाडोमा उपस्थिति हुन्छन् । मुढो सल्काई सकेपछि भुओको विधिअनुसार गुरुले भुओको सुरुआतीको पहिलो चरणमा भनिने माडा गाइदिन्छन् । जसलाई चाँचडी भनिन्छ । त्यो भनिसकेपछि सबै मस्याराहरू गोलघेरामा एक अर्काको हात समाति २/४ फेरा भुओखाडोमा घुमेर राँको सल्काई त्यसबाट १ आधा किलोमिटर टाढा राँको सेलाइन्छ जसलाई राँको ठोस्नु पनि भनिन्छ । त्सपछि राँको सेलाई सकेपद्धि त्यहाँबाट फर्किदा प्रत्येकले हरियो तेरपालो वा लट्ठी समाती अघिकै जस्तै भुआखाडा र केही मुओका भाडा हाल्दै गाउँदै मुढोबालेको ठाउँमा आइपुग्छन् र त्यहाँ पुगी सकेपछि भुआखाडो पूज्दाको प्रसाद बाडी चुँडी खाई द्वितीयाको दिनमा पहलिा भुओ कहाँ कसलाई सुनाउने र त्यो दिन सबैले छिटो भुवाखाडोमा उपस्थित हुने निर्णय गरी सबै आ-आफ्नो घरमा जान्छन् ।

औंसीको दोस्रो दिन पडेवाका दिनमा सबैले आ-आफ्नो तरवार धोइ पखाली, रङ रोगन लगाउने काम गर्दछन् भने कसैले काठका वाङ्गा टिङ्गा हाँगाको तरवार बनाउँछन् । द्वितीयाको दिनमा सबैले आ-आफ्नो घरमा मिठामिठा परिकारहरू बनाउँन्छनन । मासु चामलको बटुक, मासको अरू परिकार र चिउडी पिठायो पिस्ने काम गर्दछन् । त्यो नै भुओको महत्त्वर्पूा दिन भएकोले गाउँघरमा बल्ला पल्ला घरबाट मान्यजनहरूबाट चिउडी पिठायो पहिरने काम हुन्छ । त्यसपछि खाना खाएर भुवाखाडोमा जान्छन्, त्यहाँ ठालुमुखयिा, रजवार, नाइक, धामी, जान्ने, सुन्ने, भद्र-भलादमीहरूलाई एक आपसमा पिठायो पहिरने काम गरिन्छ र सबैले यो प्रक्रिया दोहोर्‍याई सकेपछि भुओको उठान गरिन्छ । बाजा बजाउनेले व्यक्ति बोलाई बाजा बनाउँछन् र माडा भन्ने गुरुहरूको पनि छनोट हुन्छ । बाला बुढा आ-आफ्नो उमेरसमूह मिलाई पहिले चाचाडी गाइन्छ र भुओ सुरुआतको गीतलाई, देवी देवतालाई सुनाउन जान्छन् । जसले गर्दा देवतालाई भुओले कुनै किसिमको चोट पटक नलागोसे भनेर पहिलो दिन देवी देवतालाई सुनाउने जनविश्वास रहि आएको पाइन्छ ।

यसरी भुओ सुनाइन्छ र दोस्रो दिन बल्लो गाउँ पल्लोगाउँ सुनाउँदै आर्थिक सङ्कलन गर्दै जान्छन् । टाढा जानुपरे जान्ने ठाउँमा द्वितीयको दिन पिठायो दिइन्छ र त्यसपछि मात्र त्यो गाउँमा जान्छन् मानमर्यादा गरिन्छ । यति पिठायो नदी गएमा भुओ आएको गएको कुनै वास्ता गरिदैन । यसरी ७/८ दिनसम्म खेलेर अन्तिमको दिनमा भुआखाडोमा बोका काटिन्छ । ढाल तरवारको पूजा गरी वल्ला पल्ला गाउँका इस्ट मित्रलाई मिठाई दिंदै भुओ विसर्जन गरिन्छ ।

### ३.६.१ हाकचाली

यो चाली खेल्दा खेलाडीले दायाँ हातमा तरबार बायाँहातमा ढाल लगेको हुन्छ बाजाको तालमा एक आपसमा सुरक्षाको महशुस गरि ठाउँको बन्दोबस्ता गरी शत्रु पक्षलाई प्रहार गरि र आफ्नो रक्षा प्रणालीको सिद्धान्तमा रहि एक खुट्टा अगाडी र एक खुट्टा पछाडी पारि घुँडा निहुराई ध्याम ध्याम आवाज दिई माथी तरबार उठाई छातीमा ढाल राखि आएको चोट छेक्ने र आफूले प्रहार गर्न सजिलो हुने तरिकाबाट नाच्दै विपक्षलाई चुनौति दिने खालले खेलिन्छ । त्यसैले यसलाई हातचाली भनिन्छ ।

### ३.६.२ घुडेचाली

यो चालीमा दायाँहातमा तरबार बायाँ हातमा ढाल लगि नचाउँदै घुँडा माथि घुँडा राख्दै उर्त्रिदै खेलिन्छ । यसमा अगाडी पछाडी दाँया बायाँ फनफनी घुमी कम्मर भाँची घुँडा जोडीएको हुन्छ । समय समयमा घुँडा जोडी खेलिने हुँदा यो भुओ चाली खेललाई घुँडेचाली भन्दछन् ।

### ३.६.३ तेपाइचाली

यो चाली गोलो घेरा भित्रबाट एक पाइला दायाँ र एक पाइला बायाँ सार्दै तीन पाइला अगाडि तीन पाइला पछाडि गरी बाजाको इसारामा नाच्दै खेलिन्छ । यसमा पनि ढाल तरवार समात्ने तरिका भने घुडेचाली जस्तो नै हुन्छ । यो खेल पनि युद्ध गर्दा जस्तै गरी खेलिने हुँदा यसले युद्धको झल्को प्रस्तुत गर्दछ । यसमा तीन पाइला अगाडि र पछाडि गरी खेलिने हुँदा यसलाई तेपाइचाली भनिन्छ ।

### ३.६.४ चौपाइचाली

यस चालीमा पनि अन्य चाली जस्तै गरी ढाल तरवार समाति बाजाका इसारामा एकएक पाइला दाँया वाँया र चार चार पाइला अगाडि पछाडि गरी कम्मर

मरकाइ घुडाजोडि चाली खेल खेलिन्छ । यो खेलमा खेलाडिलाई ठाँउ हतियार घुमाउनका लागि अलि बढी नै चाहिन्छ । यो खेलमा चार पाइला अगाडि चार पाइला पछाडि गरी खेलिने हुँदा यसको नाम चौपाइचाली राखिएको हो ।

### ३.६.५ बगालीचाली

यो चाली खेल अरू सबैचाली भन्दा भिन्नै किसिमको छ । यसमा दुई जनाले मात्र खेल प्रदर्शन गर्दछन् । भुआखाडाको एक छेउमा एक जना र अर्को छेउतर्फ अर्को जना आमुन्ने सामुन्नेमा रहेका हुन्छन् । दुबैका हातमा ढाल तरवार रहेका हुन्छन् । दुबै जना बाजाको तालमा नाच्दै खेल खेल्दछन् । यो चाली धेरै होसियारी पूर्वक खेलिन्छ । यो खेल खेल्दा खेल्ने ठाँउ खाली गरिएको हुन्छ । नाच्दै खेल्दै एउटाले तरवार नचाइ अर्को माथि जाइ लागेको नक्कल यसमा गरिन्छ । अर्काले ढाल नचाउदै त्यो चोटलाई छेक्छ । कहिले अगाडि बढ्ने कहिले पछाडि हट्ने क्रम जारी रहन्छ । यसरी यसलाई आक्रमक र सुरक्षात्मक शैलीबाट यो चाली खेलिन्छ । बाजाको ताल भने यसमा वीरता प्रर्दशनको रहेको हुन्छ । जुन तालबाट दर्शकहरू पनि जोशजागरीला भएका हुन्छन् । अन्त्यमा अभिनय गर्दागर्दै जसले छिटो टाउको माथि तरवार घमाउन्छ, उसैको जीत भएको मानिन्छ ।

भुओगीत वाद्यवादनका साथ नृत्य प्रस्तुत गरी खेलिने भएकाले यो खेलमा चाली खेलको महत्त्व पूर्ण स्थान ओगटेको हुन्छ । भुओमा गीत, वाद्य र नृत्यको संगम नभए सम्म भुओ खेल पूर्ण भएको मानिदैन ।

## ३.७ निष्कर्ष

लोकसाहित्यको अजस्र प्रवाह युगौ युगदेखि प्रवाहित हुँदै आएको देखिन्छ । लोक साहित्यका विभिन्न विधाहरू मध्यको लोकगीत एउटा महत्त्वपूर्ण प्रचलित विधा हो । लोकगीतअन्तर्गत पर्ने भुओगीतको पौराणिक, धार्मिक, ऐतिहासिक र सामाजिक महत्त्व रहेको छ । भुओगीतको अध्ययन परम्परालाई नियालेर हेर्दा बीसको दशकबाट सुरुआत भएको छ । भुओगीतलाई विभिन्न विद्वान्हरूले सङ्कलन, अध्ययन, वर्गीकरण र विश्लेषण गर्ने काम गरेका छन् तापनि यससम्बन्धी भएका अध्ययनलाई पूर्ण भने मान्न सकिन्न यसर्थ यसको वृहत खोज अनुसन्धान तर्फ भावी अध्यताहरूलाई पनि अपेक्षित नै रहेकोले अध्ययन कार्य गर्नाका लागि आधार भेटाउन सहज हुने कुरा सुनिश्चित छ ।

# चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

"थलारीका भुओगीतको अध्ययन" शीर्षकको यस शोधपत्रमा बझाङ्गको थलारा क्षेत्रमा प्राचीन भुओगीत लोकसाहित्यको अध्ययन गरिएको छ । यस भुओगीतले ऐतिहासिक, सांस्कृतिक र सामाजिक पक्षको महत्त्वलाई झल्काएको पाइन्छ । यहाँ समग्र शोधपत्रको सारलाई परिच्छेदगत रूपमा प्रस्तुत गरी अन्त्यमा निष्कर्ष दिइएको छ ।

पहिलो परिच्छेदमा शोधपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधविधि तथा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा थलारी भुओको परम्परा र सैद्धान्तिक आधार, भुओगीतको उत्पत्ति, विशेषता, मौलिकता, भुओगीतको गीतितत्त्व र यसका सैद्धान्तिक आधार प्रस्तुत गरिनुका साथै आवश्यकतानुसार उपशीर्षकहरू राखेर अध्ययन गरिएको छ ।

तेस्रो परिच्छेदमा भुओगीतको अध्ययन र विश्लेषण, भुओका प्रकार, यसको सांस्कृतिक पक्ष, भाषिक पक्ष, संरचनात्मक पक्षका साथै भुओ खेल एवं प्रदर्शन विधिको विश्लेषण गरिएको छ ।

## ४.२ निष्कर्ष

थलारी लोकसंस्कृतिमा महत्त्वपूर्ण पक्षहरूमध्ये साहित्य सङ्गीत र कला यी तीनैवटा पक्षहरूलाई समेट्न सक्ने सामर्थ्य भुओगीतमा रहेको पाइन्छ । लोकसाहित्यको महत्त्वपूर्ण विधा लोकगीत हो र यसका विभिन्न प्रकारहरूमध्ये भाका, लय तथा संरचनाका भुओगीतहरूले थलारी लोकगीतको पहिचानलाई उचाई प्रदान गरेका छन् । पुराण, इतिहास तथा समाजलाई विषयवस्तुका रूपमा अँगालेर वीर रसप्रधान भावधारामा खेल्दै गाइने भस्सीगीतदेखी श्रृङ्गारिक भावका भारीखेल गीत–धारुभले जिउनापुरीसम्मका गीतहरू लोसाहित्यका दृष्टिबाट उत्कृष्ट छन् । यिनलाई ताती गर्ने बच्चादेखि वृद्धसम्मको सहभागिताले जीवन्त राख्तै आएको छ ।

सङ्गीतका मुख्य तत्त्वहरू मानिने गायन, वाद्यवादन र नृत्यको त्रिवेणी स्वरूप रहेको यस गीतमा एउता खुट्टा नृत्यमा टेकेर लोकप्रिय भाकाहरू अलापिन्छ । स्थानिय लोकसङ्गीत मौलिकतालाई यी गीतहरूमा अनुभव गर्न सकिन्छ । वास्तवमा लोकसाहित्य र लोकसाङ्गीत उत्कृष्ट कलाका नमुना हुन् । अझ त्यसमा खेल मिसिनाले विशेष कलाको प्रदर्शन हुन्छ । चाहे लोकविश्वसअनुसार महाभारत युद्धको झलकका रूपमा होस् चाहे कबाजका रूपमा मात्र नै किन नहोस् हातमा ढाल र तरवार खेलाएर खेलिने चाली खेलहरूको प्रस्तुति मिश्रित भुओगीतको खेल कुशल कला हो । एकै ताल र ढङ्गमा एकैनासको अभिनयकौशल प्रस्तुत गर्ने यी खेललाई त्यहाँको लोककलाको उत्कृष्ट नमुना मानिन्छ । उपर्युक्त किसिमले साहित्य, सङ्गप्त र कलाको राम्रो उदाहरण बन्नु बझाङी भओगीतको प्रमुख बिशेषता एवं महत्त्व रहेको छ । यस दृष्टिकोणबाट थलारी समाजको जुन स्थान भुओगीतले लिएका छन् त्यसको तिनलाई सुदूर भविष्यसम्म जीवित राख्ने कुरा सुनिश्चित छ ।

थलारी भुओगीत सामाजिक आदर्शका भावनाले युक्त छन् । मानिस सामाजिक प्राणी हो । समाजमा रहेर उसले सामाजिक चरित्रको प्रदर्शन गर्न सक्नु पर्छ । हरेकले आफूलाई समाजको एक अभिन्न अङ्ग समेत आफ्नो सामाजिक दायित्वको बोध गर्न सके मात्र समाजको विकास हुन सक्छ । त्यस्तै जीवनादर्श सार्थक तुल्याउन अँगालिने व्यवहार, विचार तथा भावनाहरू भनेका आपसी प्रेम, भ्रातृत्व, एक-अर्काप्रति गरिने सहयोग, आपसमा दुःख-सुखको बाँडफाँड, आपसी समझदारी तथा सहिष्णुताको भावना आदि हुन् । यी गुणहरूलाई उच्च मानवीय मूल्य पनि भन्ने गरिन्छ । थलरी भुओगीत/भुओखेलको परम्पराले समाजका हरेक व्यक्तिलाई यस्तै पाठ पढाउँछ । भुओखेलको सुरुआत नै आपसी सरसल्लाहबाट हुन्छ । गाउँघर तथा समाजका व्यक्तिहरू आपसी प्रेम तथा समझदारीमा पाँचपाण्डा (पञ्च-पाण्डव) देवताको मन्दिरमा गई पूजा गर्छन् । भुओखेलमा बहुमतको पालना अल्पमतको कदर गरिन्छ । गाउँका कुनै जानकार बूढाको मृत्युमा शोक मनाएर त्यो सालका लागि भुओ नै नखेल्नु, कसैका घरमा कुनै खुसियाली छ भने सबैले खुसी हुँदै उसका घरका आँगनमै गएर भुओ खेल्दै खुसीका गीत गाउनु, सामूहिक रूपमा शुभकामना र आशीर्वाद दिनुजस्ता क्रियाकलापहरूले भक्ति, मर्यादा तथा दुःख-सुखलाई बाँडफाँड गरेको देखाउछन् । यस्तै बालक, युवा तथा बूढापाकाहरू आ-

आफ्नो मर्यादामा रहेर खेल्दछन् । जसले जुन काम गर्न सक्छ उसले उहीअनुसारको कार्यको जिम्मा लिनुबाट अनुशासनको पालना भएको ठान्नुपर्दछ । एउटा निश्चित भौगोलिक सिमानाभित्रका व्यक्तिहरूले एउटा भुओखाडामा जम्मा भएर समान जिम्मेवारीका आधारमा खेल्ने समान अवसर पाउनु तथा एउटै खेलभित्र धेरै व्यक्ति आवद्ध हुनु सामाजिक एकताको उदाहरण हो । कहिलेकाही खेलमा कुनै व्यक्तिबाट जान-अन्जानमा कुनै गल्ती वा घटना घटे पनि आपसी झगडा नगरी त्यसलाई स्वाभाविक रूपमा लिनु समझदारीको उदाहरण हो भने कुनै जातजाति वर्ग-सम्प्रदाय, धर्म आदिको भेद नुहुनु तथा सबैले मर्यादामा चल्नु तथा एक-अर्काको कदर गर्नु सहिष्णुताको भावना र व्यवहार मान्नु पर्छ ।

आजको समाजले भौतिकता सम्पन्नतालाई सुख सम्झन्छ भने विपन्नतालाई दुःख ठानेको हुन्छ । वास्तवमा बाँचुन्जेलसम्म आफूलाई आवश्यक पर्ने भौतिक सामग्रीविना जीवन धान्न सकिदैन । यो सामग्रीहरूको जोहो गर्न तथा आवश्यकता परिपूर्ति गर्नका लागि आर्थिक पक्ष सबल हुनुपर्दछ । नेपाली ग्रामीण जनजीवनको दुर्दशा भन्नु नै आर्थिक पछौटेपन हो । भुओ र भैलो खेलेर अर्थसङ्कलनको कार्य गर्ने परिपाटी हाम्रो गाउँ घरमा छँदै छ । यसले भुओखेल तथा गीतहरू समाजको आर्थिक तथा मौतिक विकासका माध्यम बनेका छन् ।

थलाराका गाउँघरमा गाउँका मुखिया नाइकेका अतिरिक्त कुनै व्यक्तिले पहिलो छोरो पाएका खण्डमा, कसैको पदोन्नति भएमा, कसैको कुनै खुसियाली भएमा, तीर्थयात्रा गरेर फर्केमा, उसको घरमा गई भुओ खेल्ने गरिन्छ  र जसको भुओ खेलिएको हो उसले आफ्नो औकातअनुसार रूपैयाँ दिने गर्दछन् । यसरी दिएका रूपैयाँ बटुलेर गाउँको सामूहिक हित र भलाइका लागि खर्च गरिन्छ  र आवश्यकताअनुसार खर्च हुन्छ । यस कारणले भुओगीतले लोकसंस्कृतिलाई उजिल्याउने कार्यमा समेत भूमिका खेलेको छ ।

समाजको उन्नतिका लागि मानिसमा धार्मिक तथा आध्यात्मिक भावनाको विकास हुनु जरुरी छ भन्ने कुरा अध्यात्मवादी विद्वान्हरूले स्वीकारेका छन् । उनीहरू आर्यसमाजमा आर्यभावनाको विकास हुनु आवश्यक ठान्दछन् । हिन्दू पद्धतीय संस्कारमा पनि परब्रह्म ईश्वरीय सत्तालाई सर्वोपरि ठानिएको छ । थलाराका प्रचलित भुओगीतहरूले धर्म र अध्यात्मिक दर्शनतिर समाजलाई प्रेरित

गराएका छन् । पाँचपाण्डाको (पञ्च-पाण्डवको) पूजा गर्ने, मन्दिरमा गएर भुओगीत गाई आशीष माग्ने, हतियार पुज्ने (ढाल-तरवारको पूजा) आदि कार्यहरूले समाजमा धार्मिक तथा आस्तिक परम्परालाई बुझ्न मद्दत मिलेको छ ।

भुओगीत धार्मिक-पौराणिक दृष्टिले मात्र होइन सामाजिक दृष्टिले पनि उत्तिकै उल्लेखनीय छन् । यी गीतमा स्वभाविक रूपले मान्छेद्वारा अनुभूत गरिने खाएका-भोकाएका, झरेका-चढेका तथा सुख-दुखःका क्षणहरूलाई समेटिएको छ । भुओगीतको परम्पराले पाइला टेक्दैआएको भूमि र त्यहाँको समाजलाई यी गीतमा चियाउन सकिन्छ । यसभित्र उत्तर र दक्षिणका विशाल राष्ट्र चीन (मूलपाठमा महाचीन भनिएको छ) र भारत दुवै देशको स्थानहरूको उल्लेख छ । चीनका विशेष स्थान नतोकिएका भए पनि भारतको उत्तरखण्डका केदारनाथ-बदरीनाथजस्ता पुण्य धामहरूलगायत पुन्नागिरी अनि टनकपुर, बरेली र कौवानीको नाम उल्लेख छ । यसपछि नेपालका सूदुरपश्चिमी क्षेत्र कल्यानखोला, बारिमण्डी, तेल्याको लेक, घङारकोट, गैरीडोटी (हालको डडेल्धुरा), ढुङगाड, अछाम, डोटी त्यस्तै अन्य ठाउँहरूमा सल्यान, सल्लीकोट, जुम्ला, हुम्ला, दुल्लु, दैलेक र अन्त्यमा बझाङ र यहाँका अन्य गाउँठाउँहरूमा झाडिएको देखिनु यसका भौगोलिक विषयवस्तु हुन् । यसै गरी मिठाई, भात-बाखो, चिउरा, बटुक, दहि आदि खाद्यवस्तुहरूको नाम लिनु त्यस समयको खानालाई उल्लेख गरेको विषय/प्रसङ्ग हो । सुनका चुरा, गजिना, पहिरनसँग, सम्बन्धित कुरा हुन् । हुडको, विनायो, बाँसुरी पञ्चैबाजा (बडाइँ बाजा) आदि तत्काल प्रचलित विवाह प्रथाको चिनारी हो । यहाँको भुओगीतमा उल्लिखित यस किसिमको लवाइखवाइ, पहिरन, वाद्यवादन, विवाह पद्धतिलाई हामी त्यसले अँगालेको सामाजिक विषयवस्तु नै भन्न सक्छौं ।

पात्रगत हिसाबले गीतमा मानिएका साथै, नदी-नाला, वनस्पति, बतास, लेउ, कुहिरो, बादल आदि प्रस्तुत छन् । यहाँ कोही मानवीय पात्र हुन र कोही मानवेतर पात्र पनि हुनु यसका अन्य विषयवस्तु हुन् । वर्षदिनका बाह्र महिनाहरूमा समाजका मानिसहरूले आफूले गर्नुपर्ने विभिन्न कार्यहरूलाई तालिकाबद्ध गरेको हुन्छन् । ऋतु तथा मौसमअनुसार कुन समय के कामका लागि उपयुक्त हुन्छ सो समयमा सोहीअनुसारका कार्य गर्नमा मानिसहरू लाग्दछन् । कृषिप्रधान देश नेपालका गाउँले कृषकहरूको प्रायजसो समय खेतीपातीको कार्यमा नै बितेको हुन्छ ।

यसअनुसार वर्षको सुरु महिना बैशाखमा र जेठमा मङ्सिरमा छरेको गहुँ भित्र्याउने काम हुन्छ । आषाढमा हिलो-खेल्दै धान रोप्ने गरिन्छ भने श्रावण तथा भाद्रमा धान, कोदो, मकै, आदि सोहोर्ने तथा गोडमेल गर्ने गरिन्छ । असोज-कार्तिकको समय भनेको दशै र तिहारमा रमाउनका साथै धान-बाली भित्र्याउने काम हुन्छ । मङ्सिर भनेको गहुँ छर्ने महिना हो भने पुस र माघ जस्ता हिउँदका दुई महिना पुर्सदको समयको आराम लिने महिना हुन् । फागुन र चैतमा फेरि उही खन्ने-खोस्रने धन्दामा लाग्नुपर्ने हुन्छ । यसरी कृषकहरूको वर्षचक्र पूरा हुन्छ ।

थलारी लोकगीका परम्परामा भुओगीका प्रमुख-भस्सी गीतहरूमा पनि यी कुरा व्यक्त भएका छन् । उत्सवको खुसियाली तथा पर्वका रमाइलाको वास्तविक अनुभूति नै यस्तै फुर्सदमा मात्र हुन्छ । कामले लखतरान भएको अवस्थामा एकैछिन सस्ताउने मौका मात्र मिल्छ, वास्तविक आनन्द प्राप्त हुन सक्तैन । पुर्खाले पनि आफ्नो विवेकको उचित प्रयोग गर्दै यही समयलाई उपयुक्त ठानेर भुओखेल्ने परम्परालाई निरन्तरता दिए । माघको महिना हिन्दू मान्यतानुसार धर्मकर्म गरिने महिना भएकाले खसी-बोका काट्ने जस्ता हिंसात्मक कार्य उपयुक्त नहुने ठानी पर्व-उत्सव मनाउनका लागि पुसलाई नै रोजिएको कुरा भल्किन्छ ।

निष्कर्षमा भन्नु पर्दा हामीले के कुरा सम्झनु आवश्यक छ भने थलारी भुओगीतले समयअनुसार काममा लाग्न सत्-प्रेरणा दिएको छ । कुन समय के कामका लागि बढी उपयुक्त हुन्छ सो अभिव्यक्ति पनि यी गीतभित्र रहेका छन् । जुन समयका लागि जति काम छुट्ट्याइएको हुन्छ सोअनुसार गरिसक्नुपर्छ, अन्यथा त्यसको परिणाम राम्रो हुँदैन भन्ने कुरा भारीखेलको गीतमा युधिष्ठिरले भाइ सहदेवलाई समय हेर्न लगाएको प्रसङ्गले पनि देखाएको छ । हामीलाई विश्वको कुनाकुनामा पुऱ्याउने माध्यम भनेको हाम्रो कला र संस्कृति हो । यसको उचित संरक्षण हुन सकेन भने हामीले आफ्नो पहिचानलाई गुमाउनु पर्नेछ । फेरि त्यसको (कला र संस्कृतिको) मौलिकतालाई मर्न नदिएर युगअनुकूल नवीनता दिदै जानुपर्ने होसियारी पनि अगाल्न सक्नुपर्छ । आजभोलि बढी मात्रामा नचाहिंदो तडकभडक र देखावटी ढर्रालाई समाजका युवा-युवतीहरूले अंगालेर आफ्नो भेषभूषा, खानपान, धर्म, भाषा, गीत-सङ्गीतलाई भुलेर हुबहु विदेशी जीवनशैलीलाई अन्धानुकरण गरिरहेका छौं । हाम्रो अलिखित इतिहास रहेको लोकसङ्गीत कलाकारहरूको कण्ठमा

सुरक्षित छ र कालगतिले ती कलाकारहरू हराउँदै जान थालेकाले ती अलिखित इतिहास पनि उनीहरूसँगै सती जान बाध्य भएका छन् ।

भुओलाई कथन जातितत्त्व र आफ्नै अध्ययनका आधारमा विश्लेषण गरिएको छ । भुओ भखाडामा १/२ दिन खोलिसकेपछि गाउँगाउँका मुख्य मान्छे, नायक, मुखिया, कर्मचारी, शिक्षक, गाउँका विभिन्न जाति भए प्रत्येक जातिको जेठी पट्टिको हाँगाको घरमा  र अन्य मान्यजनको घरमा गई भुओ खेल्दछन् । त्यसै प्रकारले त्यो वर्ष तीर्थ गरेर फर्केका मानिसको घरमा,  जसको घरमा छोरा जन्मेको छ, त्यस्तै नयाँ धामी-झाँक्रीमा देवता चलेको छ भने त्यस्ता व्यक्तिहरूको घरमा गएर भुओ खेल्दछन् । जुन प्रसङगमा भुओ खेल्दछन् त्यस घरमा भुओ खेल्ने वा  माणा हाल्ने र त्यसै किसिमको आर्शीवचन शब्दको पनि चयन गरेर माणा हाल्दछन् । जसको घरमा भुओ खेलिन्छ त्यस घरको मुलीले चिउणा (चिउरा) पिठायो फलफूल र पैंसा थालमा लिएर आउँछन् । भुओ खेल्नेले सम्बन्धित घरमूलीलाई जमरा र  दुवो लगाईदिएर आर्शीर्वाद दिन्छन् र पैसा खेल्न आउने मध्ये एक जना विश्वासिलो व्यक्तिको हातमा दिन्छन् । यसरी भुओ एक गाउँबाट अर्को गाउँमा लिने पनि चलन छ ।

भुओखाडामा भुओ खेलिसकेपछि  केही समय आफ्नो युद्ध कौशलको प्रदर्शनको लागि चाली, वगाली खेल खेल्दछन् । चाली खेलमा भुओ खेल्ने प्रायः सबै खेल्छन् । यसमा कुनै भट्याउने शब्द हुदैंन । यो खेल खेल्दा केही बोल्दैन । भुओ खेल जस्तै ढाल तरबार लिएर सबै एकै नासले फरक-फरक किसिमको वाजाको तालमा नाच्दछन् । यो पनि वृत्ताकारमा रहेर खेलिन्छ र  बीचमा दमाईहरू वाजा बजाउँछन् । बाजाहरूमा दमाहा/दाइने, ट्याम्को झ्याली आदि नै प्रमुख रहन्छन् । वाजाको तालअनुसार यो खेल खेलिन्छ ।  भुओ र चाली खेल्दा जान्ने व्यक्तिहरू अगाडि लाग्दछन् भने अलि कम जान्ने व्यक्तिहरू पछाडि लाग्दछन् । अतः यसलाई युद्धकलाको एक प्राचीन पद्धति वा कलाका रूपमा पनि लिइन्छ ।

लोकसाहित्यको अजस्र प्रवाह युगौ युगदेखि प्रवाहित हुँदै आएको देखिन्छ । लोक साहित्यका विभिन्न विधाहरू मध्यको लोकगीत एउटा महत्त्वपूर्ण प्रचलित विधा हो । लोकगीतअन्तर्गत पर्ने भुओगीतको पौराणिक, धार्मिक, ऐतिहासिक र सामाजिक महत्त्व रहेको छ । भुओगीतको अध्ययन परम्परालाई नियालेर हेर्दा बीसको दशकबाट

सुरुआत भएको छ । भुओगीतलाई विभिन्न विद्वान्हरूले सङ्कलन, अध्ययन, वर्गीकरण र विश्लेषण गर्ने काम गरेका छन् तापनि यससम्बन्धी भएका अध्ययनलाई पूर्ण भने मान्न सकिन्न यसर्थ यसको वृहत खोज अनुसन्धान तर्फ भावी अध्यताहरूलाई पनि अपेक्षित नै रहेकोले अध्ययन कार्य गर्नाका लागि आधार भेटाउन सहज हुने कुरा सुनिश्चित छ ।

# परिशिष्ट 'क'

## भुओ गीतको मूलपाठ

प्रस्तुत भुओगीतको मूलपाठ निम्नानुसार रहेको छ । जसमा भस्सी रे भस्सी आदि माडाहरूद्वारा भट्याउने काम हुन्छ :

| | | | |
|---|---|---|---|
| ए ! मालको भुओ | भस्सी | रे | भस्सी |
| ए ! पर्वत लाग्यो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! ब्रह्मदेब मण्डि | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! कमानी आयो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! जेगबुढा आयो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! गगने पानी | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! रौसिल्ल आयो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! गैरी डौटी आयो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! खुनी सिरोड | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! ढुङ्गाडा आयो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! डाँसे फडिल्ले | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! झोता झनाना | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ | भस्सी | रे | भस्सी |
| ए ! बझाङ्ग कोट | भस्सी | रे | भस्सी |
| ए ! बझाङ्ग राजाले | भस्सी | रे | भस्सी |
| ए ! बस्ना बसायो | भस्सी | रे | भस्सी |
| ए ! ताहैँ भुओ भाइ | भस्सी | रे | भस्सी |
| ए ! भखाडा आयो | भस्सी | रे | भस्सी |
| ए ! आँशीको भुओ | भस्सी | रे | भस्सी |

| | | | |
|---|---|---|---|
| ए ! राँको हलायो | भस्सी | रे | भस्सी |
| ए ! भात बटुक ख्वायो | भस्सी | रे | भस्सी |
| ए ! दुईको भुओ | भस्सी | रे | भस्सी |
| ए ! चिउडी पिठायो | भस्सी | रे | भस्सी |
| ए ! वाँ पछि भुओ | भस्सी | रे | भस्सी |
| ए ! घर घर आयो | भस्सी | रे | भस्सी |
| ए ! रैतका राजाले | भस्सी | रे | भस्सी |
| ए ! तिवारु मान्यो | भस्सी | रे | भस्सी |
| ए ! यो लाड्या भुओ | भस्सी | रे | भस्सी |
| ए ! चौमास बरीका | भस्सी | रे | भस्सी |
| ए ! मालमा रन्थे | भस्सी | रे | भस्सी |
| ए ! दहिकेला खान्छे | भस्सी | रे | भस्सी |
| ए !सुतहरी खाट | भस्सी | रे | भस्सी |
| ए ! वाइमथि सुत्ने | भस्सी | रे | भस्सी |
| ए ! काँ तेरो दरबार | भस्सी | रे | भस्सी |
| ए ! ईन्द्रका बारा | भस्सी | रे | भस्सी |
| ए ! यो लाड्या भुओ | भस्सी | रे | भस्सी |
| ए ! बाला खेलाउँदो | भस्सी | रे | भस्सी |
| ए ! तन्नेरी नचाउँदो | भस्सी | रे | भस्सी |
| ए ! बुढाबुढी हसाउँदो | भस्सी | रे | भस्सी |
| ए ! जो बाँचि रहला | भस्सी | रे | भस्सी |
| ए ! आउदा बरिश | भस्सी | रे | भस्सी |
| ए ! उइपो खेलला | भस्सी | रे | भस्सी |
| ए ! तन्याडी भाईयो | भस्सी | रे | भस्सी |
| ए ! मिलीजुली खेल | भस्सी | रे | भस्सी |
| ए ! यो भस्सो कैको | भस्सी | रे | भस्सी |
| ए ! पाँच पाण्डव देउको | भस्सी | रे | भस्सी |
| ए ! यो भस्सो कैको | भस्सी | रे | भस्सी |
| ए ! जो खेल्ला उईको | भस्सी | रे | भस्सी |
| ए ! हौस्सा खेलाउँदो | भस्सी | रे | भस्सी |
| ए ! दुःखारी रूवाउँदो | भस्सी | रे | भस्सी |
| ए !सुखारी नचाउँदो | भस्सी | रे | भस्सी |
| ए ! लाड्या भुओ | भस्सी | रे | भस्सी |
| ए ! परालकी माच | भस्सी | रे | भस्सी |
| ए ! तन्याडी यारौं | भस्सी | रे | भस्सी |
| ए ! भलाहोई नाच | भस्सी | रे | भस्सी |

| | | | |
|---|---|---|---|
| ए ! खुली झान्ना नेल | भस्सी | रे | भस्सी |
| ए ! तन्यारी यारौ | भस्सी | रे | भस्सी |
| ए ! छाती फर्काई खेल | भस्सी | रे | भस्सी |
| ए ! चन्द्र सूर्य | भस्सी | रे | भस्सी |
| ए ! तै अजम्मरी | भस्सी | रे | भस्सी |
| ए ! मठ मन्दिर | भस्सी | रे | भस्सी |
| ए ! तै अजम्मरी | भस्सी | रे | भस्सी |
| ए ! गंगा जमुना | भस्सी | रे | भस्सी |
| ए ! वर पिपल | भस्सी | रे | भस्सी |
| ए ! तै अजम्मरी | भस्सी | रे | भस्सी |
| ए ! यो भुओ कैको | भस्सी | रे | भस्सी |
| ए ! पाँच पाण्डव देउको | भस्सी | रे | भस्सी |
| ए ! दुनु भरी चुक | भस्सी | रे | भस्सी |
| ए ! तव रौला सुख | भस्सी | रे | भस्सी |
| ए π लाड्या भुओ | भस्सी | रे | भस्सी |
| ए ! उइट्या कपास | भस्सी | रे | भस्सी |
| ए ! फट्क्या बदोला | भस्सी | रे | भस्सी |
| ए ! भोल भुओ नसिझाला | भस्सी | रे | भस्सी |
| ए ! तव क्या भनौँला | भस्सी | रे | भस्सी |
| ए ! मालको भुओ | भस्सी | रे | भस्सी |
| ए ! पर्वत आयो | भस्सी | रे | भस्सी |
| ए ! पर्वत आई भुओ | भस्सी | रे | भस्सी |
| ए ! खेल मच्चायो | भस्सी | रे | भस्सी |
| ए ! खेल मच्चाई भुओ | भस्सी | रे | भस्सी |
| ए ! हौस्या नचायो | भस्सी | रे | भस्सी |
| ए ! दुखारी न्वायो | भस्सी | रे | भस्सी |
| ए ! आउँदो भुओ | भस्सी | रे | भस्सी |
| ए ! रहणी लाग्यो | भस्सी | रे | भस्सी |
| ए ! झाँदो भुओ | भस्सी | रे | भस्सी |
| ए ! अनमनी लाउँनो | भस्सी | रे | भस्सी |
| ए ! पोर भुओ अँउसी | भस्सी | रे | भस्सी |
| ए ! वेली भुओ पणेवा | भस्सी | रे | भस्सी |
| ए ! आज भुओ दुईको | भस्सी | रे | भस्सी |
| ए ! भोलि भुओ सईक्यो | भस्सी | रे | भस्सी |
| ए ! भुओ गयो खौला | भस्सी | रे | भस्सी |
| ए ! ला भुओ पौला | भस्सी | रे | भस्सी |

| | | | |
|---|---|---|---|
| ए ! भुओ गयो हुम्ला | भस्सी | रे | भस्सी |
| ए ! खा भुओ मवला | भस्सी | रे | भस्सी |
| ए ! भुओ गयो डोटी | भस्सी | रे | भस्सी |
| ए ! खा भुओ रोटी | भस्सी | रे | भस्सी |
| ए ! भुओ गयो मण्डी | भस्सी | रे | भस्सी |
| ए ! अब भुओ ठण्डी | भस्सी | रे | भस्सी |

उपरोक्त मूलपाठले भुओ खेल्दा अपनाइने विभिन्न अवस्थाको चित्रण गरेर भुओ सम्वन्धी चिनारी समेत दिएको हुन्छ । यसका अतिरिक्त मूल भुओगीत वाद्य, नृत्य र गीत मिलाएर गाइन्छ । बाजाका रूपमा ट्याम्को, दमाहा, भ्याली, मुजुरा र नृत्यका साथ प्रस्तुत हुने यो मूलगीत पाण्डव र कौरवको कथाबाट सुरुभएको मान्यता रहेको छ । यहाँ एउटा जान्ने मान्छेले गोलोघेराको अग्र पङ्तिबाट गीत भट्याउँछ (माणा हाल्छ) त्यस पछिका १०/१२ जनाले त्यसलाई दोहोऱ्याएर एकसाथ गाँउ छन् र बाँकी खेलाडीले भस्सी रे भस्सी भन्छन् । यी गीतहरूलाई यसरी प्रस्तुत गरिन्छ ।

| अग्रपङ्तिकाले भट्याउने माणा | पछिल्लो लहरकाले भट्याउने माणा |
|---|---|
| ए ! पैलो भुओ | ए भस्सी रे भस्सी |
| ए ! कहाँ उपज्यो | ए भस्सी रे भस्सी |
| ए ! स्वर्गका राजा | ए भस्सी रे भस्सी |
| ए ! इन्द्रका वारा | ए भस्सी रे भस्सी |
| ए ! वाँ पछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! कहाँ उपज्यो | ए भस्सी रे भस्सी |
| ए ! पाण्डवका घर | ए भस्सी रे भस्सी |
| ए ! पाण्डव धृतराष्ट | ए भस्सी रे भस्सी |
| ए ! दुबै जना भाइ हुन् | ए भस्सी रे भस्सी |
| ए ! पाण्डकी रानी | ए भस्सी रे भस्सी |
| ए ! कुन्ता थिइन् | ए भस्सी रे भस्सी |
| ए ! धृतराष्टकी | ए भस्सी रे भस्सी |
| ए ! मैता थिइन् | ए भस्सी रे भस्सी |
| ए ! पान्डु राजा | ए भस्सी रे भस्सी |
| ए ! रोगी थिया | ए भस्सी रे भस्सी |
| ए ! छोरा भएन | ए भस्सी रे भस्सी |
| ए ! कुन्ता रानी | ए भस्सी रे भस्सी |
| ए ! स्वर्गका देवता | ए भस्सी रे भस्सी |

ए ! बोलाउँन लागिन्                    ए भस्सी रे भस्सी
ए ! धर्मराज बोलाइन्                    ए भस्सी रे भस्सी
ए ! उनका अंश                    ए भस्सी रे भस्सी
ए ! जेठा धर्मराज                    ए भस्सी रे भस्सी
ए ! धर्मी राजा भया                    ए भस्सी रे भस्सी
ए ! ताँ पछि कुन्ताले                    ए भस्सी रे भस्सी
ए ! वायु बोलाइन्                    ए भस्सी रे भस्सी
ए ! उनका अंश                    ए भस्सी रे भस्सी
ए ! भीमसेन भया                    ए भस्सी रे भस्सी
ए ! गान्धरी भया                    ए भस्सी रे भस्सी
ए ! ताँ पछि कुन्ताले                    ए भस्सी रे भस्सी
ए ! इन्द्र जी बोलाइन्                    ए भस्सी रे भस्सी
ए ! इन्द्र जीका अंश                    ए भस्सी रे भस्सी
ए ! अर्जुन भया                    ए भस्सी रे भस्सी
ए ! अर्जुन कस्ता                    ए भस्सी रे भस्सी
ए ! धनुधारी भया                    ए भस्सी रे भस्सी
ए ! कुन्ताकी सौता                    ए भस्सी रे भस्सी
ए ! कान्छी बहिनी                    ए भस्सी रे भस्सी
ए ! माद्रीले पनि                    ए भस्सी रे भस्सी
ए ! आश्निकुमार                    ए भस्सी रे भस्सी
ए ! बोलाइन् उनले                    ए भस्सी रे भस्सी
ए ! उनका अंश                    ए भस्सी रे भस्सी
ए ! नहकुल -सहदेव                    ए भस्सी रे भस्सी
ए ! नहकुल भया                    ए भस्सी रे भस्सी
ए ! रथ चलाउन्या                    ए भस्सी रे भस्सी
ए ! कान्छा सहदेव                    ए भस्सी रे भस्सी
ए ! खाना पकाउन्या                    ए भस्सी रे भस्सी
ए ! भान्छेको काम लिया                    ए भस्सी रे भस्सी
ए ! पाँच पाण्डव                    ए भस्सी रे भस्सी
ए ! भारतका देश                    ए भस्सी रे भस्सी
ए ! हस्तिनापुरमा                    ए भस्सी रे भस्सी
ए ! उत्पन्न भया                    ए भस्सी रे भस्सी
ए ! अन्धा धृतराष्ट                    ए भस्सी रे भस्सी
ए ! उनकी रानी                    ए भस्सी रे भस्सी
ए ! मैता गान्धारीबाट                    ए भस्सी रे भस्सी
ए ! छोराछोरी भएनन्                    ए भस्सी रे भस्सी

ए ! उनका पेटमा ए भस्सी रे भस्सी
ए ! दानवको चोला ए भस्सी रे भस्सी
ए ! एक ढिका रगतबाट ए भस्सी रे भस्सी
ए ! सय टुक्राभइ ए भस्सी रे भस्सी
ए ! सय कौरव भया ए भस्सी रे भस्सी
ए ! कौरव पाण्डव ए भस्सी रे भस्सी
ए ! ठूला भया पछि ए भस्सी रे भस्सी
ए ! राज्यका लागि ए भस्सी रे भस्सी
ए ! झगडा हुन लाग्यो ए भस्सी रे भस्सी
ए ! कौरवहरूले कपटिपासा खेल्यो ए भस्सी रे भस्सी
ए ! जुवा हरायो ए भस्सी रे भस्सी
ए ! बाह्रवर्ष वनवास ए भस्सी रे भस्सी
ए ! एकवर्ष गुप्तवास ए भस्सी रे भस्सी
ए ! पाँच पाण्डवले ए भस्सी रे भस्सी
ए ! बिताउनु पऱ्यो ए भस्सी रे भस्सी
ए ! कौरवहरूले ए भस्सी रे भस्सी
ए ! राज्य चलायो ए भस्सी रे भस्सी
ए ! बाह्रवर्ष वनवास ए भस्सी रे भस्सी
ए ! एकवर्ष गुप्तवास ए भस्सी रे भस्सी
ए ! बिताइसके पछि ए भस्सी रे भस्सी
ए ! आफ्नो राज्यमा ए भस्सी रे भस्सी
ए ! पाण्डवहरू फर्के ए भस्सी रे भस्सी
ए ! पाण्डव आएपछि ए भस्सी रे भस्सी
ए ! कौरवहरूले ए भस्सी रे भस्सी
ए ! ठूलो ईख लियो ए भस्सी रे भस्सी
ए ! दिनको दिन ए भस्सी रे भस्सी
ए ! हात हतमा सबैले ए भस्सी रे भस्सी
ए ! ढाल तरबार ए भस्सी रे भस्सी
ए ! सबैले समात्यो ए भस्सी रे भस्सी
ए ! लडाई हुंदाखेरि ए भस्सी रे भस्सी
ए ! कैरबहरूकौ ए भस्सी रे भस्सी
ए ! बिनाश भयो ए भस्सी रे भस्सी
ए ! पाँच पाँण्डबले ए भस्सी रे भस्सी
ए ! राज्य चलायो ए भस्सी रे भस्सी
ए ! जेठा धर्मराजले ए भस्सी रे भस्सी
ए ! चारै भाईलाई बोला यो ए भस्सी रे भस्सी

| | |
|---|---|
| ए ! सबैभाइलाई भन्यो | ए भस्सी रे भस्सी |
| ए ! हामीले जितेको | ए भस्सी रे भस्सी |
| ए ! युद्ध खेली पर्ब बनऊँ | ए भस्सी रे भस्सी |
| ए ! तिहाँर पर्ब | ए भस्सी रे भस्सी |
| ए ! भुओको खेल | ए भस्सी रे भस्सी |
| ए ! चालीको खेल | ए भस्सी रे भस्सी |
| ए ! मनुष्यहरूलाई | ए भस्सी रे भस्सी |
| ए ! सबलाई सिकाऊँ | ए भस्सी रे भस्सी |
| ए ! ताँपछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! नरलोक घरी | ए भस्सी रे भस्सी |
| ए ! महाँचीन आयो | ए भस्सी रे भस्सी |
| ए ! ताँपछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! छिनासिम आयो | ए भस्सी रे भस्सी |
| ए ! छिनासिम राजाले | ए भस्सी रे भस्सी |
| ए ! पाँच पाण्डवको | ए भस्सी रे भस्सी |
| ए ! पूजा आजा गर्‍यो | ए भस्सी रे भस्सी |
| ए ! सुनचुरा पैह्रायो | ए भस्सी रे भस्सी |
| ए ! गजिना ओढायो | ए भस्सी रे भस्सी |
| ए ! ताँ पछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! भारतमा देश | ए भस्सी रे भस्सी |
| ए ! उत्तराखण्ड आयो | ए भस्सी रे भस्सी |
| ए ! केदारनाथ बद्रीनाथ | ए भस्सी रे भस्सी |
| ए ! दर्शन गर्‍यो | ए भस्सी रे भस्सी |
| ए ! ताँ पछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! बरेली आयो | ए भस्सी रे भस्सी |
| ए ! ताँ पछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! टनकपुर आयो | ए भस्सी रे भस्सी |
| ए ! ताँइ बासा बस्यो | ए भस्सी रे भस्सी |
| ए ! टनकपुर बनियाँले | ए भस्सी रे भस्सी |
| ए ! मिठाइ खिलायो | ए भस्सी रे भस्सी |
| ए ! ताँ पछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! महाकाली तर्‍यो | ए भस्सी रे भस्सी |
| ए ! बारिमण्डी आयो | ए भस्सी रे भस्सी |
| ए ! ताँ पछि भुओ | ए भस्सी रे भस्सी |
| ए ! नेपाल देश पस्यो | ए भस्सी रे भस्सी |
| ए ! ताँ पछि भुओ | ए भस्सी रे भस्सी |

ए ! पूर्व-पश्चिम फाट्यो — ए भस्सी रे भस्सी
ए ! पश्चिमको भुओ — ए भस्सी रे भस्सी
ए ! कौवानी आयो — ए भस्सी रे भस्सी
ए ! ताँ पछि भुओ — ए भस्सी रे भस्सी
ए ! कल्याना आयो — ए भस्सी रे भस्सी
ए ! ताँ पछि भुओ — ए भस्सी रे भस्सी
ए ! तेल्याका लेक — ए भस्सी रे भस्सी
ए ! धगाँरकोट आयो — ए भस्सी रे भस्सी
ए ! गैरीडोटी आयो — ए भस्सी रे भस्सी
ए ! खेल बनायो — ए भस्सी रे भस्सी
ए ! भातु- बाखो खायो — ए भस्सी रे भस्सी
ए ! ताँ पछि भुओ — ए भस्सी रे भस्सी
ए ! ढुङ्गाड आयो — ए भस्सी रे भस्सी
ए ! ताँ पछि भुओ — ए भस्सी रे भस्सी
ए ! सेती नदी तिर हुँदै — ए भस्सी रे भस्सी
ए ! थलारी राजाका — ए भस्सी रे भस्सी
ए ! दरवार पस्यो — ए भस्सी रे भस्सी
ए ! थलारी राजाले — ए भस्सी रे भस्सी
ए ! पाण्डवको पुरा गरी — ए भस्सी रे भस्सी
ए ! दुनीया बालायो — ए भस्सी रे भस्सी
ए ! भुओ खेल खेलायो — ए भस्सी रे भस्सी
ए ! तिहार मनायो — ए भस्सी रे भस्सी
ए ! पाँच पाण्डवको — ए भस्सी रे भस्सी
ए ! मन्दिर लगायो — ए भस्सी रे भस्सी
ए ! स्थापना अर्‍यो — ए भस्सी रे भस्सी
ए ! ताँपछि भुओ — ए भस्सी रे भस्सी
ए ! खोला दरा पस्यो — ए भस्सी रे भस्सी
ए ! गाँउ गाँउका — ए भस्सी रे भस्सी
ए ! जान्या बूढाबूढी — ए भस्सी रे भस्सी
ए ! सबै बोलाइकन — ए भस्सी रे भस्सी
ए ! पाँच पाण्डा देवले — ए भस्सी रे भस्सी
ए ! आज्ञा दिएछ — ए भस्सी रे भस्सी
ए ! माघ फागुन — ए भस्सी रे भस्सी
ए ! तीर्थब्रत होला — ए भस्सी रे भस्सी
ए ! विहा वारी हुन्ना — ए भस्सी रे भस्सी
ए ! चैतका मैना — ए भस्सी रे भस्सी

ए ! खन्नी कुट्नी होला 		ए भस्सी रे भस्सी
ए ! वैशाख जेठ 		ए भस्सी रे भस्सी
ए ! गहुँवाली भित्र्याउन्ना 		ए भस्सी रे भस्सी
ए ! अषाढका मैना 		ए भस्सी रे भस्सी
ए ! रोपाइँ सुरु होला 		ए भस्सी रे भस्सी
ए ! साउन भदौ 		ए भस्सी रे भस्सी
ए ! वर्षाकाल लाग्यो 		ए भस्सी रे भस्सी
ए ! असोजका मैना 		ए भस्सी रे भस्सी
ए ! धानवाली भित्र्याउलान् 		ए भस्सी रे भस्सी
ए ! कार्तिक मङ्सिर 		ए भस्सी रे भस्सी
ए ! गहुँ छर्ने बेला 		ए भस्सी रे भस्सी
ए ! पुरुक्ष मैना 		ए भस्सी रे भस्सी
ए ! खाली मैना आयो 		ए भस्सी रे भस्सी
ए ! परदेशी घररेला 		ए भस्सी रे भस्सी
ए ! गोठालो आर्लेला 		ए भस्सी रे भस्सी
ए ! पूर्णिमा आयो 		ए भस्सी रे भस्सी
ए ! भखाडो जगाउँला 		ए भस्सी रे भस्सी
ए ! तन्नेरी भाइ हो 		ए भस्सी रे भस्सी
ए ! सबैलाई बोलायो 		ए भस्सी रे भस्सी
ए ! राँको सल्कायो 		ए भस्सी रे भस्सी
ए ! औसीका दिन 		ए भस्सी रे भस्सी
ए ! राँको हलायो 		ए भस्सी रे भस्सी
ए ! पणेवाका भुआले 		ए भस्सी रे भस्सी
ए ! वैसेगु लियो 		ए भस्सी रे भस्सी
ए ! भात वाखो खायो 		ए भस्सी रे भस्सी
ए ! दुयाका दिन 		ए भस्सी रे भस्सी
ए ! चिउणा कुटायो 		ए भस्सी रे भस्सी
ए ! पिठायो पिसायो 		ए भस्सी रे भस्सी
ए ! सबैले लायो 		ए भस्सी रे भस्सी
ए ! भुआका खेल 		ए भस्सी रे भस्सी
ए ! चालीका खेल 		ए भस्सी रे भस्सी
ए ! खेलायो भुआले 		ए भस्सी रे भस्सी
ए ! दुःखारी रुवायो 		ए भस्सी रे भस्सी
ए ! सुखारी हौस्यायो 		ए भस्सी रे भस्सी
ए ! लाग्यो भुओ 		ए भस्सी रे भस्सी
ए ! वाला खेलाउँदो 		ए भस्सी रे भस्सी

| | |
|---|---|
| ए ! तन्यारी नचाउँदो | ए भस्सी रे भस्सी |
| ए ! बूढाबूढी हँसाउँदो | ए भस्सी रे भस्सी |
| ए ! जो बाँचिरला | ए भस्सी रे भस्सी |
| ए ! आउँदा वरिष | ए भस्सी रे भस्सी |
| ए ! उइप खेलला | ए भस्सी रे भस्सी |
| ए ! तन्यारी भाइयौ | ए भस्सी रे भस्सी |
| ए ! मिलीजुली खेल | ए भस्सी रे भस्सी |
| ए ! लाठ्या भुओ | ए भस्सी रे भस्सी |
| ए ! पराली माँच | ए भस्सी रे भस्सी |
| ए ! तन्यारी यारौ | ए भस्सी रे भस्सी |
| ए ! भलाइहोइ नाच | ए भस्सी रे भस्सी |
| ए ! छाती फकाइ खेल | ए भस्सी रे भस्सी |
| ए ! चन्द्र र सूर्य | ए भस्सी रे भस्सी |
| ए ! तै अजम्बरी | ए भस्सी रे भस्सी |
| ए ! दुनुभरी चुक | ए भस्सी रे भस्सी |
| ए ! भोल भुओ बाइभ्काला | ए भस्सी रे भस्सी |
| ए ! तव क्या भनौला | ए भस्सी रे भस्सी |
| ए ! मालको भुओ | ए भस्सी रे भस्सी |
| ए ! पर्वत आयो | ए भस्सी रे भस्सी |
| ए ! पर्वत आइभुओ | ए भस्सी रे भस्सी |
| ए ! खेलु मच्चायो | ए भस्सी रे भस्सी |
| ए ! आउँदो भुओ | ए भस्सी रे भस्सी |
| ए ! रहणु लाग्दो | ए भस्सी रे भस्सी |
| ए ! भ्काँदो भुओ | ए भस्सी रे भस्सी |
| ए ! अनमनि लाउँदो | ए भस्सी रे भस्सी |
| ए ! आज भुओ दुईको | ए भस्सी रे भस्सी |
| ए ! भोल भुओ सुईक्यो | ए भस्सी रे भस्सी |

गंगा जमुना भागिरती
अन्तरबिनी सरस्वती
को बैना बसिछन् कालीका वर
को बैनान बसिछन् मालिका वर
कुन्ता बैना बसिछन् कालिका वर
मन्ता बैना बसिछन् मालिका वर
कन्ने फल्यो छ ओखल चामलु
कन्ने फल्यो छ नङ चामलु
मैताले फल्यो छ ओखल चामलु

कुन्ताले फल्यो छ नङ चामलु
कन्ने पाएछ पाँच पुत
कुन्ताले पाएछ पाँच पुत
कन्ने पाएछ सय पुत
मन्ताले पाएछ सय पुत

# परिशिष्ट 'ख'

सूचकहरूको नाम भुओ खेलका बारेमा आफूले प्राप्त गरेका सूचना र सामग्रीलाई सहज रूपमा उपलब्ध गराई सहयोग गर्नु हुने विभिन्न क्षेत्रका व्यक्तिहरूको नाम, उमेर र ठेगानाको विवरण निम्नानुसार रहेको छ :

| **नाम** | **उमेर** | **ठेगाना** |
|---|---|---|
| उजले दमाई | ६७ | थलारा गाँउपालिका |
| किशोर रोकाया | ४२ | थलारा गाँउपालिका |
| तारा सार्की | ५७ | थलारा गाँउपालिका |
| तुल्या लुहार | ५५ | थलारा गाँउपालिका |
| दिर्ख्या गिरी | ७० | थलारा गाँउपालिका |
| देब भाट | ६० | थलारा गाँउपालिका |
| देब रोकाया | ६५ | थलारा गाँउपालिका |
| धर्म गिरी | ६० | थलारा गाँउपालिका |
| ध्रुवराज उपाध्याय | ७० | थलारा गाँउपालिका |
| नरी रोकाया | ७५ | थलारा गाँउपालिका |
| भीमवहादुर सिंह | ६५ | थलारा गाँउपालिका |
| मदन रोकाया | ५० | थलारा गाँउपालिका |
| सिद्ध लुहार | ४० | थलारा गाँउपालिका |

# सन्दर्भ सूची


अग्रवाल, अनसूया (सन् २००९). **हिन्दी लोक साहित्यशास्त्र सिद्धान्त और विकास**. दिल्ली : नीरज बुक सेन्टर ।

उपाध्याय, कृष्णदेव (सन् २०००). **लोक साहित्य की भूमिका**. इलाहावाद : साहित्य भवन प्रा.लि. ।

उपाध्याय, रामप्रसाद (२०५७). "बभ्फाडी डेउडा गीतको अध्ययन". स्नातकोत्तर तह, शोधपत्र. त्रि.वि. कीर्तिपुर ।

खड्का, श्यामबहादुर (२०६७). **बझाङ किंवदन्ती र इतिहास**. काठमाडौं : एपयुक्ता बुक्स ।

जोशी, उमाशंकर (२०५९). "सौराई". **भुओको संक्षिप्त चिनारी**. काठमाडौं : बझाङ्गी समाज ।

पराजुली, कृष्णप्रसाद (२०५७). **नेपाली लोकगीतको आलोक**. काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०५८). **नेपाली लोकसाहित्य**. काठमाडौ : एकता प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१). **नेपाली लोकसाहित्यको विवेचना**. काठमाडौँ : त्रिभुवन विश्वविद्यालय ।

नेपाल, पूर्णप्रकाश 'यात्री' (२०३४). **सेती अञ्चल दिग्दर्शन**. विराटनगर : हिमाली सौगात ।

रिमाल, प्रदिप (२०३५). **कर्णालीको लोकसंस्कृति**. काठमाडौं : ने.रा.प्र.प्र. ।